विधेयक संख्याः

# नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

## २०८१

संघीय संसद सचिवालय
संसद भवन, सिंहदरवार
२०८१, माघ

# नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

२०८१

संघीय संसद सचिवालय

संसद भवन, सिंहदरवार

२०८१, माघ

<u>उद्देश्य र कारण</u>

नेपालको नागरिक उड्डयन सेवालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप विकास तथा विस्तार गर्न, प्रभावकारी नियमन गरी नागरिक उड्डयन सेवालाई सुरक्षित, नियमित, स्तरीय, भरपर्दो र सर्वसुलभ बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले यो विधेयक पेश गरेको छु ।

बद्री प्रसाद पाण्डे
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

माघ, २०८१

# आर्थिक टिप्पणी

नेपालको नागरिक उड्डयनमा हाल नियामक निकाय र सेवा प्रदायक निकायसमेतको काम गर्ने गरी गठन भएको नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नेपाल नागरिक उड्डयन क्षेत्रमा नियामक निकायको मात्र काम गर्ने गरी विशिष्टिकृत संस्थाको गठन गर्न यो विधेयक वनाईएको छ।

नागरिक उड्डयनसंग सम्वन्धित वायुयान तथा तत् सम्वन्धी सेवाको इजाजत, दर्ता, संचालन, खारेजी, वायुयानसंग सम्वन्धित जनशक्तिको योग्यता निर्धारण, परीक्षण, लाइसेन्स र वायुयान संचालकले पालना गर्नुपर्ने शर्त तथा सुरक्षा व्यवस्था अन्तर्राष्ट्रिय मापदण्ड र प्रचलन समेतका आधारमा राष्ट्रिय मापदण्ड निर्धारण र लागू गर्नेगरी मुख्य कार्य जिम्मेवारी सहित यस प्राधिकरणको प्रस्ताव गरिएको छ। प्राधिकरण एक स्वायत्त संस्था हुने र मापदण्ड निर्धारण लगायतका विषयमा नेपाल सरकारका अन्तर्राष्ट्रिय प्रतिवद्धता एवं प्रचलित राष्ट्रिय कानूनका आधारमा सुरक्षित एवम् भरपर्दो हवाइ उड्डयन क्षेत्रको विकास गर्ने एक अग्रणी संस्थाको रुपमा रहने विश्वास लिइएको छ।

प्राधिकरणले वायुयान, वायुसेवा एवम् विमानस्थल, र तत्सम्बन्धी सेवाहरुको दर्ता, नवीकरण, इजाजत, अनुमतिपत्र तथा जनशक्तिहरुको इजाजत, नवीकरण दण्ड, जरिवाना जस्ता कार्यबाट शुल्क उठाउने र त्यस्तो शुल्कबाट प्राधिकरणको खर्च व्यहोर्ने अवधारणा लिइएको छ । प्राधिकरणले प्रदान गर्ने सेवाबाट आर्जित आयबाट सामान्यतः प्राधिकरणको सञ्चालन र विकासको खर्च धान्न सक्ने अनुमान गरिएको भएतापनि नियामक निकाय भएको कारण शुल्क लगाउने क्षेत्रको सिमितता र शुरुका वर्षमा संस्थागत क्षमता अभिवृद्धि र संगठन निर्माणमा बढी दायित्व सिर्जना हुन सक्ने भएकोले सञ्चालन र विकासका लागि नेपाल सरकारको आंशिक आर्थिक दायित्व पर्न सक्ने व्यहोरा सहितको आर्थिक टिप्पणी पेश गरेको छु ।

बद्री प्रसाद पाण्डे
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

माघ, २०८१

# सैद्धान्तिक अवधारणा

नेपाल नागरिक उड्डयन प्राधिकरणबाट नियामक र सेवा प्रदायकसम्बन्धी दुवै प्रकृतिका कार्यहरु सम्पादन हुदैं आइरहेको छ। नेपाल नागरिक उड्डयन सम्बन्धी अन्तराष्ट्रिय महासन्धी, १९४४ (Convention on International Civil Aviation, 1944) को संविदाकारी राष्ट्र भएकोले उक्त महासन्धी र सो अन्तर्गत तर्जुमा गरिएका नागरिक उड्डयन सम्बन्धी अन्तराष्ट्रिय नीति, सिद्धान्त तथा मापदण्डको परिपालना गर्नु नेपालको दायित्व रहेको छ। सन् २००९ को मे महिनामा सम्पन्न अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) को Universal Safety Oversight Audit Program (USOAP) अन्तर्गत भएको नेपालको Safety Oversight Audit मा प्राधिकरणको नियमनकारी र सेवा प्रदायकको दोहोरो भूमिकाको सम्बन्धमा Findings औंल्याइएको र त्यस पछि सन् २०१३ र सन् २०१७ को अडिटमा समेत उक्त Findings कायम नै रहेको। पछिल्लो पटक सन् २०२२ मा भएको अडिटले समेत विद्यमान नेपाल नागरिक उड्डयन प्राधिकरणबाट हुने सेवा प्रदायक र नियामक प्रकृतिका कार्यहरु स्पष्ट रूपमा छुट्टयाउने कार्यलाई उच्च प्राथमिकता दिनुपर्ने सिफारिश गरेको थियो। साथै, नेपालले नागरिक उड्डयन सम्बन्धी अन्तर्राष्ट्रिय मञ्चहरुमा (ICAO Assembly, ICAO DGCA Conference) नियमनकारी र सेवा प्रदायक कार्यलाई छुट्टा छुट्टै संस्था मार्फत संचालन गर्ने गरी संस्थागत सुधारको कार्य थालनी गरिएको जानकारी गराउदै आएको छ।

नेपाल सरकार र एशियाली विकास बैंकबीच २५ मे २०१० मा Air Transport Capacity Enhancement Project (ATCEP) को वित्तीय संझौता बमोजिम यस सम्बन्धी विस्तृत अध्ययन विधेयकको मस्यौदा तर्जुमा समेत भएको थियो। संघीय संसद (प्रतिनिधि सभा) मा अत्यन्त जरूरी सार्वजनिक महत्वको प्रस्ताव उपर छलफल हुँदा विद्यमान नेपाल नागरिक उड्डयन प्राधिकरणको नियामक र सेवा प्रदायकसम्बन्धी कार्यहरु छुट्टाछुट्टै निकायहरुबाट हुने गरी विधेयक तर्जुमा गर्ने विषयमा छलफल भएको थियो।

नयाँ ऐन जारी भएपछि हवाई यातायात जस्तो हवाई यात्रुको सुरक्षा गाँसिएको सम्बेदनशिल क्षेत्रमा नियमनकारी र सेवाप्रदायी कार्यहरु छुट्टाछुट्टै संस्थाबाट सम्पादन हुने भई विद्यमान स्वार्थको द्वन्द्व अन्त्य हुनेछ। नियमनकारी कार्यलाई अझ स्वायत्त र सशक्त बनाई एयर नेभिगेशन सेवा, विमानस्थल संचालन सेवा र उड्डयन तालिम संस्था समेत नियमनको दायरामा आई हवाई सेवा थप सुरक्षित हुनेछ। नेपालको नागरिक उड्डयनको सम्बन्धमा विद्यमान ICAO तथा युरोपियन युनियन (EU) को उडान सुरक्षा चासो समेत सम्बोधन गर्न सघाउ पुग्नेछ। नागरिक उड्डयन क्षेत्रमा हाल भइरहेका कार्यहरु विशिष्टिकृत रुपमा संचालन भई सेवाको गुणस्तर अभिबृद्धि हुनेछ।

बद्री प्रसाद पाण्डे
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

माघ, २०८१

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

नेपालको नागरिक उड्डयन सेवालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप विकास तथा विस्तार गर्न, प्रभावकारी नियमन गरी नागरिक उड्डयन सेवालाई सुरक्षित, नियमित, स्तरीय, भरपर्दो र सर्वसुलभ बनाउन नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न गर्न बनेको विधेयक, २०८१ मा तोकिए वा तोकिए बमोजिम भन्नाले ऐन अन्तर्गत बनेको नियममा वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ भन्ने व्यवस्था भएकोले सो विधेयकको दफा ५(ङ), २०(१) र (२), २४(१) र (२), २५ (१) र (२), २९(२) र (३), ३१(६), ३३(ञ), ३४ (२), ३९ (२), ४३ र ४८(१) मा उल्लेख भएका व्यवस्थाहरु नियमावली तथा विनियमावलीमा समावेश गर्न प्रस्ताव गरिएको छ । माथि विभिन्न दफाहरुमा उल्लेख भए अनुसार प्रत्यायोजित व्यवस्थापनसँग प्रस्तावित ऐनको व्यवस्था नियमावली बनाउनु पर्ने कारण र त्यसबाट पर्न सक्ने प्रभावहरु यस प्रकार रहेका छन्।

| क्र.स. | प्रस्तावित विधेयकको दफा / उपदफा | नियम बनाउन सकिने व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | दफा ५(ङ) | नागरिक उड्डयन क्षेत्रमा विशेष योग्यता, दक्षता र अनुभव आवश्यक पर्ने जनशक्तिलाई तोकिए बमोजिम व्यक्तिगत इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्र जारी गर्ने र अन्य मुलुकबाट जारी गरिएका इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्र सम्झनु पर्छ । | योग्यताका लागि तोकिने शर्तहरु समय र प्रविधि अनुसार फरक पर्न सक्ने भएकोले नियममा राख्न उपयुक्त हुने । | योग्यतामा आधारित वायुयान उडान व्यवस्था सुनिश्चित हुने । |
| २ | २०(१) | नेपालमा वायुयान दर्ता गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको कागजात संलग्न गरी प्राधिकरणमा निवेदन दिनु पर्नेछ । | निवेदनको ढाँचा नियमावलीमा राख्न उपयुक्त हुने । | निवेदनको ढाँचा तोक्दा कार्यमा एकरुपता आउने । |
| ३ | २०(२) | उपदफा (१) बमोजिमको निवेदन र संलग्न कागजात जाँचबुझ गर्दा तोकिए बमोजिमको शर्त पूरा गरेको देखिएमा प्राधिकरणले तोकिए बमोजिम | वायुयान दर्ता सम्बन्धी शर्तहरु लागि | जोखिमयुक्त वस्तुहरुको ओसार पसारमा |

| | | | | |
|---|---|---|---|---|
| | | वायुयान दर्ता गर्नेछ। | नियमावलीबाट व्यवस्थापन गर्न उपयुक्त हुने । | एकरुपता र निश्चितता हुने । |
| ४ | २४ (१) | नेपालमा दर्ता नभएको वायुयानको टाइप प्रमाणपत्र लिन चाहने वायुयान धनी, संस्था वा वायुयान निर्माताले टाइप प्रमाणपत्रको लागि प्राधिकरणमा तोकिए बमोजिमको ढाँचामा निवेदन दिन सक्ने । | निवेदनको ढाँचा नियमावलीमा राख्न उपयुक्त हुने । | निवेदनको ढाँचा तोक्दा कार्यमा एकरुपता आउने । |
| ५ | २४ (२) | उपदफा (१) बमोजिम निवेदन पर्न आएमा प्राधिकरणले आवश्यक जाँचबुझ गर्दा उपयुक्त देखिएमा तोकिए बमोजिमको शुल्क लिई टाइप प्रमाणपत्र जारी गर्नेछ । | प्राधिकरणले लिने शुल्कहरु समय समयमा परिवर्तन गर्नु पर्ने भएकोले नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | प्राधिकरणले लिने शुल्कमा पारदर्शिता र एकरुपता हुने । |
| ६ | २९ (२) | महानिर्देशकले तोकिए बमोजिमको ढाँचामा बढीमा पाँच वर्ष अवधि तोकि व्यक्तिगत इजाजत वा प्रमाणपत्र जारी गर्नेछ । | नागरिक उड्डयन क्षेत्रमा कार्यरत जनशक्तिको व्यक्तिगत इजाजत वा प्रमाणपत्रमा एकरुपता कायम गर्न नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | इजाजत र प्रमाणपत्रमा एकरुपता कायम हुने। |
| ७ | २९ (३) | व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र सम्बन्धी योग्यता, स्वास्थ्य परिक्षण तथा जाँच, परीक्षा र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | अन्तर्राष्ट्रिय मान्यता बमोजिम प्राविधिक जनशक्तिकोस्तर परिक्षण सम्वन्धी नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | उडान सुरक्षामा टेवा पुग्ने। |
| ८ | ३१ | प्राधिकरणले देहायका कार्य गर्दा तोकिए बमोजिम शुल्क लिईनेछ। | प्राधिकरणले लिने शुल्कहरु समय समयमा परिवर्तन | प्राधिकरणले लिने शुल्कमा पारदर्शिता र |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्नु पर्ने भएकोले नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | एकरुपता हुने । |
| ९ | ३१(छ) | समयमा शुल्क नबुझाएकोमा तोकिए बमोजिम लाग्ने विलम्ब शुल्क । | प्राधिकरणले लिने शुल्कहरु समय समयमा परिवर्तन गर्नु पर्ने भएकोले नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | प्राधिकरणले लिने शुल्कमा पारदर्शिता र एकरुपता हुने । |
| १० | ३३(ज) | उडान सुरक्षामा प्रतिकूल प्रभाव पार्ने वा पार्न सक्ने कुनै अवस्थाको छानबिन गर्ने, सुरक्षाको लागि समितिमा सिफारिस गर्ने र तोकिए बमोजिम आवश्यक कारबाही गर्ने, | उडान सुरक्षामा पर्न सक्ने विभिन्न जोखिम र चुनौति पहिचान गरी कारवाहीको दायरामा ल्याउन उपयुक्त हुने । | कसूरको मात्रा अनुसार कारवाही हुने । |
| ११ | ३४(२) | प्राधिकरणका कर्मचारीको नियुक्ति, सेवाका शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ। | प्राधिकरणका कर्मचारीको नियुक्ति, सेवा, शर्त तथा सुविधा नियमावली मा राख्न उपयुक्त भएकोले । | कर्मचारी नियुक्तिको मापदण्ड बनाउदा नियुक्ति प्रकृयामा एकरुपता र पारदर्शिता कायम हुने । |
| १२ | ३५ (२) | उपदफा (१) बमोजिमको निवृत्तभरण प्रणाली बमोजिम कर्मचारीले गर्नु पर्ने योगदान तथा प्राधिकरणले जम्मा गर्नु पर्ने रकम सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | योगदानमा आधारित निवृत्तभरण प्रणालीलाई थप स्पष्ट गर्न नियमावली तर्जुमा गर्नु पर्ने । | |
| १३ | ३९(२) | प्राधिकरणले तोकिए बमोजिम आन्तरिक नियन्त्रण | आन्तरिक | आन्तरिक |

| | | | | |
|---|---|---|---|---|
| | | प्रणाली कायम गर्नु पर्नेछ। | नियन्त्रण प्रणाली सम्बन्धी व्यवस्था विषयमा राख्न उपयुक्त हुने । | नियन्त्रण प्रणाली कायम हुने । |
| १४ | ४३ | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐनको व्यवस्था सैनिक वायुयान उडानको लागि तोकिएको विमानस्थल क्षेत्रको हकमा लागू हुने छैन | सैनिक वायुयान उडानको लागि तोकिएको विमास्थल क्षेत्रमा छुट्टै नियमावली वनाउन उपयुक्त हुने । | सैनिक वायुयान उडानमा सहजिकरण गर्न । |
| १५ | ४८(१) | प्राधिकरणलाई बुझाउनु पर्ने दफा ३१ बमोजिमको शुल्क तोकिएको म्यादभित्र नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिबाट प्राधिकरणले तोकिए बमोजिम थप शुल्क असूल गर्न सक्नेछ। | वायुयान दर्ता सम्बन्धी शर्त नियमावलीमा तोक्न उपयुक्त हुने | वायुयान दर्तासँग सम्बन्धित विषयमा नसमेटिएका विषयमा यस नियमले समेट्ने |

**नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी**

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | ऐनको नाम र सो को प्रारम्भ सम्बन्धी व्यवस्था प्रस्ताव गरिएको । |
| २ | परिभाषा | विधेयकमा पटक पटक दोहोरिएका तथा स्पष्ट रुपमा परिभाषा गर्न उपयुक्त देखिएका शब्द तथा शब्दावलीहरुको परिभाषा गरिएको । |
| ३ | प्राधिकरणको स्थापना | नागरिक उड्डयन सम्बन्धी सेवा प्रदायक संस्थाहरुको नियमनकारी निकायको रुपमा कार्य गर्ने प्रयोजनको लागि नेपाल नागरिक उड्डयन प्राधिकरणको स्थापना गरिएको छ। |
| ४ | प्राधिकरण स्वशासित संगठित संस्था हुने | प्राधिकरणले प्रभावकारी रुपमा कार्य सम्पादन गर्नको लागि अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुने व्यवस्था गरिएको छ । |
| ५ | प्राधिकरणको काम, कर्तव्य र अधिकार | वायुसेवा सञ्चालन,वायुयान उडान योग्यता,ग्लाइडर, अल्ट्रालाइट, माइक्रोलाइट, बेलुन, प्याराग्लाइडिङ्ग, ह्याङ्गग्लाइडिङ्ग, स्काइडाइभ जस्ता मनोरञ्जनात्मक उड्डयन क्रियाकलाप सञ्चालन, एयर नेभिगेशन सेवा सञ्चालन,विमानस्थल सञ्चालन,नागरिक उड्डयन सम्बन्धी प्रशिक्षण सञ्चालन, वायुयान तथा वायुयानको पार्टपूर्जा निर्माण वा मर्मत संभार, वायुयानको विस्तृत मर्मत (ओभरहल), वायुयान, त्यसका उपकरण वा पार्टपूर्जा पैठारी, सञ्चय, बिक्री-वितरण, विदेशी वायुसेवा कम्पनीको नेपालमा व्यावसायिक उडान, अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालन,नागरिक उड्डयन सम्बन्धी व्यवसाय सञ्चालनको प्रचलित कानुन अनुसार इजाजत प्राप्त कुनै संस्था वा सेवा प्रदायक संस्थालाई देहायको विषयमा प्रमाणपत्र जारी गर्ने, नवीकरण गर्ने र त्यस्तो प्रमाणपत्रको निलम्बन वा खारेज गर्ने तथा वायुयान दर्ता गरी दर्ता चिन्ह तथा राष्ट्रिय चिन्ह प्रदान गर्ने, विमानस्थल दर्ता गर्ने तथा सोको सुरक्षा मापदण्ड स्वीकृत गर्ने, वायुयानलाई टाइप प्रमाणपत्र जारी गर्ने वा टाइप प्रमाणपत्रको मान्यता प्रदान गर्ने, नागरिक उड्डयन क्षेत्रमा विशेष योग्यता, दक्षता र अनुभव आवश्यक पर्ने जनशक्तिलाई तोकिए बमोजिम व्यक्तिगत इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्र जारी गर्ने र अन्य मुलुकबाट जारी गरिएका इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्रलाई तोकिए बमोजिम मान्यता प्रदान गर्ने, एयर ट्राफिक सेवा, उड्डयन सूचना सेवा, वायुयान खोज तथा उद्दार सेवा, अग्नि निवारण र जीवन उद्दार सेवा, उड्डयन मौसमी सूचना सेवाको स्तर तथा मापदण्ड निर्धारण र नियमन गर्ने, उड्डयन सञ्चार, हवाई पथ प्रदर्शन, निगरानी लगायत हवाई यातायात तथा विमानस्थल |

| | | |
|---|---|---|
| | | सञ्चालनसँग सम्बन्धित सेवा, सुविधामा प्रयोग हुने यन्त्र, उपकरणको जडान, सञ्चालन तथा मर्मत, सम्भार कार्यको नियमित अनुगमन गर्ने, वायुयानको आगमन तथा प्रस्थान गर्ने स्थान, हवाई मार्ग र उडान अवतरण विधि प्राधिकरणबाट स्वीकृत शर्त र मापदण्ड बमोजिम भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने, बेलुन, प्याराग्लाइड, प्यारासुट, स्काइडाइभ लगायतका यन्त्ररहित वायुयान तथा मानवरहित वायुयानको लागि उडानका शर्त निर्धारण र नियमन गर्ने, नागरिक उड्डयनमा प्रयोग गरिने मापन इकाई, नेपालको भू-भाग र हवाई क्षेत्रमा वायुयान सञ्चालनको लागि प्रयोग हुने चिन्ह (सिग्नल) तोक्ने र सोको मापदण्ड निर्धारण गर्ने, विमानस्थलमा प्रदान गरिएका सेवा र सुविधाको सुपरीवेक्षण गर्ने, नेपालमा दर्ता भएका वायुयान र नेपालको भू-भागमा सञ्चालन हुने वायुयानबाट हुने ध्वनि तथा हानिकारक ग्यास उत्सर्जन सम्बन्धमा आवश्यक शर्त तोक्ने, खतराजन्य वस्तु वायुयानबाट ओसारपसार गर्ने सम्बन्धमा शर्त तोक्ने, हवाई सुरक्षा प्रदान गर्ने संस्था, विमानस्थल सञ्चालक, वायुसेवा सञ्चालक तथा अन्य सेवा प्रदायकको सुरक्षा सुपरीवेक्षण (सेक्युरिटी ओभरसाइट) गर्ने वा गराउने,<br>एरोनटिकल सर्वेक्षण गर्ने संस्थालाई अनुमति प्रदान गर्ने र त्यस्तो सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा विवरण प्रमाणित गर्ने, नागरिक उड्डयनको क्षेत्रमा काम गर्ने जनशक्तिको लागि आवश्यक योग्यता तोक्ने, कार्य समयको शर्त निर्धारण गर्ने र सोको अनुगमन गर्ने, नेपाल पक्ष भएको नागरिक उड्डयन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि वा सङ्गठनबाट जारी मापदण्ड तथा सिफारिस (स्ट्याण्डर्डस एण्ड रिकमेण्डेड प्राक्टिसेज) र सो बमोजिमका आवश्यक शर्त (रिक्वायरमेण्ट्स), निर्देशिका (डाईरेक्टिभ्स), दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) वा आदेश जारी गर्ने तथा सोको कार्यान्वयन गर्ने वा गराउने, विभिन्न मुलुकका नागरिक उड्डयन नियामक निकायबीच हुने उडान सुरक्षा सुपरीवेक्षण सम्बन्धी जिम्मेवारीका विषयमा सूचना आदानप्रदान गर्ने, नागरिक उड्डयन सम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय संङ्घसंस्था तथा सदस्य राष्ट्रका नागरिक उड्डयन नियामक निकायसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गरी सो सम्बन्धमा मन्त्रालयलाई जानकारी गराउने, सङ्गठनबाट उडान सुरक्षा प्रवर्द्धनका लागि मापदण्ड निर्माण गर्दा आवश्यकता अनुसार सहभागी हुने तथा त्यस्तो मापदण्ड कार्यान्वयन गर्ने वा गराउने, नागरिक उड्डयनसँग सम्बन्धित नीतिगत विषयमा मन्त्रालयलाई आवश्यकता अनुसार सुझाव दिने, आन्तरिक हवाई भाडादर तय गरी स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्ने, हवाई यात्रुको सेवा, सुविधा तथा सुरक्षा, विमानस्थल तथा विमानस्थल क्षेत्रको सुरक्षा, वायुयानको सुरक्षा, हवाई उडान तथा त्यस्तो कार्यसँग सम्बन्धित व्यक्ति तथा उपकरणको सुरक्षा व्यवस्थापनको लागि सम्बन्धित सेवा प्रदायक संस्था, सम्बन्धित |

| | | |
|---|---|---|
| | | निकाय वा व्यक्तिलाई आवश्यक निर्देशन दिने, प्राधिकरणको स्वामित्वमा रहेको भवन, यन्त्र, उपकरण लगायतका सम्पत्तिको सुरक्षाका लागि आवश्यक व्यवस्था गर्ने, र नेपाल सरकार वा मन्त्रालयले दिएको निर्देशन पालना गर्ने वा गराउने गरी प्राधिकरणलाई जिम्मेवार  बनाइएको छ। |
| ६ | सञ्चालक समितिको गठन | प्राधिकरणको काम, कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको अध्यक्षतामा सहसचिव संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सहसचिव,अर्थ मन्त्रालय मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा स्नातकोत्तर तह उतीर्ण गरी नागरिक उड्डयनको क्षेत्र (वायुयानको उडान, सञ्चालन वा वायुयानको मर्मत, सम्भार वा एयर ट्राफिक कन्ट्रोल वा सञ्चार, उड्डयन सहायक तथा निगरानी उपकरणको जडान तथा मर्मत, सम्भार) मा कम्तीमा दश वर्ष अनुभव भएका विज्ञमध्येबाट नेपाल सरकारले मनोनयन गरेको व्यक्ति एकजना महानिर्देशक प्राधिकरण -सदस्य-सचिव रहने गरी एउटा समिति गठन गरिएको र नियुक्त खण्ड (घ) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुने र निज पुनः एक पटकको लागि मनोनयन हुन सक्ने, खण्ड (घ) बमोजिमको मनोनित सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, कार्यक्षमताको अभाव भएमा, शारीरिक वा मानसिक अस्वस्थताको कारणले काम गर्न असमर्थ देखिएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदमुक्त गर्न सक्ने, निजलाई पदमुक्त गर्नुअघि  सफाई पेश गर्ने मनासिब मौका दिनु पर्ने व्यवस्था गरिएको छ । |
| ७ | समितिको काम, कर्तव्य र अधिकार | नागरिक उड्डयन सम्बन्धी नीति निर्माणमा मन्त्रालयलाई सुझाव दिने, प्राधिकरणको साङ्गठनिक संरचना तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्ने, प्राधिकरणको वित्तीय स्रोत परिचालन र लगानी नीति तयार गरी स्वीकृतको लागि मन्त्रालयमा पेश गर्ने, प्राधिकरणको कर्मचारी प्रशासन,  आर्थिक प्रशासन र खरीद सम्बन्धी विनियम मस्यौदा गरी मन्त्रालयमा पेश गर्ने,  प्राधिकरणको वार्षिक योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, प्राधिकरणको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, प्राधिकरणको स्वीकृत वार्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने, प्राधिकरणको तर्फबाट गर्नु पर्ने काम तथा अधिकारको प्रयोग गर्ने, प्राधिकरणको बेरुजु फछ्र्यौट गर्ने वा गराउने, र प्राधिकरणको कामकारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन महानिर्देशकलाई आवश्यक |

| | | |
|---|---|---|
| | | निर्देशन दिने व्यवस्था गरिएको छ। |
| ८ | समितिको बैठक र निर्णय | समितिको बैठक सामान्यतया महिनामा एक पटक बस्ने, समितिको सदस्य-सचिवले बैठकको कार्यसूचि सहित बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तिमा चौबीस घण्टा अगावै सबै सदस्यलाई उपदब्ध गराउनु पर्ने, समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने, समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्ने र निजको अनुपस्थितिमा मन्त्रालयबाट प्रतिनिधित्व गर्ने सदस्यले बैठकको अध्यक्षता गर्ने, समितिको बैठकमा बहुमतको राय मान्य हुने र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने, समितिको बैठकको निर्णय सदस्य सचिवले बैठकको अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई सोको अभिलेख सुरक्षित राख्नु पर्ने, समितिले आवश्यकता अनुसार कुनै विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्ने, समितिको बैठकमा भाग लिए बापत सदस्यले नेपाल सरकारको अर्थ मन्त्रालयबाट स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउने, समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुने व्यवस्था गरिएको छ। |
| ९ | सदस्यको अयोग्यता | गैरनेपाली नागरिक, भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री, वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिकपतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको, प्रचलित कानून बमोजिम कालोसूची वा साहूको दामासाहीमा परेको, शारीरिक तथा मानसिक अस्वस्थताको कारणले समितिमा रही सेवा गर्न असमर्थ भएको, कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको, ३५ वर्ष पूरा नभएको र ६० वर्ष उमेर नाघेको, वा आफू वा आफ्नो एकाघर सगोलको परिवारको कुनै सदस्य सेवा प्रदायक संस्थासँग प्रत्यक्ष रुपमा संलग्न भएको वा प्राधिकरणसँगको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै स्वार्थ रहेकोव्यक्ति सदस्यको लागि अयोग्य हुने व्यवस्था गरिएको छ। |
| १० | पद रिक्त हुने अवस्था | दफा ६ को उपदफा (१) को खण्ड (घ) बमोजिमको सदस्यले लिखित राजीनामा दिएमा, पदावधि समाप्त भएमा, दफा ९ बमोजिम अयोग्य भएमा, बिनासूचना समितिको तीनवटा बैठकमा लगातार अनुपस्थित भएमा, दफा ६ को उपदफा (३) बमोजिम पदमुक्त गरिएमा, वा मृत्यु भएमा पद रिक्त हुने व्यवस्था गरिएको छ। |
| ११ | अध्यक्षको काम, कर्तव्य र अधिकार | समितिको बैठकमा छलफल गरिने विषयको प्राथमिकता निर्धारण गर्ने, प्राधिकरणबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने, प्राधिकरणको कामकारबाही व्यवस्थित र प्रभावकारी रुपले सञ्चालन गर्ने वा गराउने, |

| | | |
|---|---|---|
| | | समितिको निर्णय कार्यान्वयन गर्न महानिर्देशकलाई निर्देशन दिने व्यवस्था गरिएको छ। |
| १२ | वायुसेवा सञ्चालन प्रमाणपत्र लिनुपर्ने | कसैले नेपालमा व्यवसायिक रुपमा वायुसेवा सञ्चालन गर्न चाहेमा प्राधिकरणबाट वायुसेवा सञ्चालन प्रमाणपत्र (एयर अपरेटर सर्टिफिकेट) लिनु पर्ने व्यवस्था गरिएको छ। |
| १३ | नागरिक उड्डयन व्यवसाय सञ्चालन प्रमाणपत्र लिनुपर्ने | कसैले वायुयान निर्माण तथा मर्मत्, सम्भार गर्ने, वायुयान वा सोको पार्टपूर्जा बिक्री गर्ने, उड्डयन सम्बन्धी प्रशिक्षण दिने वा अन्य कुनै किसिमको नागरिक उड्डयन सम्बन्धी व्यवसाय सञ्चालन गर्न प्राधिकरणबाट उड्डयन व्यवसाय सञ्चालन प्रमाणपत्र लिनुपर्ने, प्रचलित कानून बमोजिम स्थापित कुनै प्राविधिक शिक्षण संस्थाको प्रत्यक्ष निगरानीमा अनुसन्धान, खोज तथा विकासका लागि वायुयान निर्माण सम्बन्धी कार्य गर्न उपदफा (१) मा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको नमानिने व्यवस्था गरिएको छ। |
| १४ | प्रमाणपत्र निलम्बन वा खारेज गर्न सक्ने | प्रमाणपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणबाट जारी आदेश वा प्रमाणपत्रमा उल्लिखित शर्त उल्लङ्घन गरेमा प्राधिकरणले त्यस्तो प्रमाणपत्र बढीमा छ महिनासम्मको लागि निलम्बन गर्न सक्ने, निलम्बन परेको संस्थाले निलम्बन अविधिमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणबाट जारी आदेश वा प्रमाणपत्रमा उल्लिखित शर्त पूरा गरेमा त्यस्तो निलम्बन समाप्त हुने, निलम्बन परेको संस्थाले उपदफा (२) बमोजिम शर्त पूरा नगरी निलम्बन समाप्त नभएमा निजको प्रमाणपत्र खारेज हुने, उपदफा (१) बमोजिम निलम्बन वा उपदफा (३) बमोजिम प्रमाणपत्र खारेज गर्नुअघि सम्बन्धित संस्थालाई सफाई पेश गर्ने मनासिब मौका दिनुपर्ने व्यवस्था गरिएको छ। |
| १५ | कागजात राख्नु पर्ने | नेपालमा दर्ता भएका वा नेपाली वायुसेवा कम्पनीले भाडा वा लिजमा सञ्चालन गरेका वायुयानले उडान गर्दा वायुयान दर्ता प्रमाणपत्र, वायुयानको उडान योग्यता प्रमाणपत्र, उडानमा रहने चालक दलका प्रत्येक सदस्यको व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र, वायुयानको यात्रा अभिलेख पुस्तिका (लग बुक), वायुयानमा रेडियो उपकरण जडित भएमा रेडियो स्टेशन इजाजतपत्र, यात्रुवाहक वायुयान भएमा त्यसमा यात्रा गर्ने प्रत्येक यात्रुको नाम, राष्ट्रियता तथा प्रस्थान र गन्तव्यस्थल खुल्ने कागजात, कार्गोवाहक वायुयान भए कार्गो सम्बन्धी विस्तृत विवरण खुल्ने कागजात, खतराजन्य वस्तुको ओसारपसार गर्ने भए सो सम्बन्धी विस्तृत विवरण खुल्ने कागजात, र वायुयान तथा उडान सञ्चालन सम्बन्धी कार्यविधि समेत साथमा राख्नुपर्ने व्यवस्था गरिएको छ। |
| १६ | वायुयानको | उडानरत वायुयानको उड्डयन तथा हवाई सुरक्षाको लागि मुख्य जिम्मेवारी प्रमुख |

| | | |
|---|---|---|
| | उडान सुरक्षा | चालकको हुनेछ र निजलाई सो अवधिभर उड्डयन तथा हवाई सुरक्षा सुनिश्चिततताको लागि आवश्यक कदम चाल्ने अधिकार हुने, वायुयान उडान गर्न सबै दृष्टिले सुरक्षित रहेको कुरामा वायुयानको प्रमुख चालक विश्वस्त भएपछि मात्र वायुयानको उडान गर्नु पर्ने, वायुयानभित्र रहेका यात्रुले चालक दलका सदस्यले दिएको निर्देशनको पालना गर्नु पर्ने र कसैले वायुयान, यात्रु वा चालक दलका सदस्यलाई अवरोध वा खतरा पुग्ने कुनै किसिमको कार्य गर्न वा गराउन नहुने, नेपालमा दर्ता भएको वा नेपालको हवाई क्षेत्रमा उडान गरिरहेको वायुयानभित्र रहेको कुनै व्यक्तिले वायुयान भित्रको शान्ति व्यवस्था र अनुशासनमा खलल पुग्नसक्ने कार्य गरेको वा गर्न लागेको विश्वास गर्न सकिने आधार तथा कारण भएमा वा उडानमा रहेको समयमा प्रचलित कानून बमोजिम फौजदारी कसूर ठहरिने कुनै कार्य गरेको वा गर्न लागेको भन्ने प्रमुख चालकलाई लागेमा निजले त्यस्तो व्यक्तिलाई नियन्त्रणमा लिन वा वायुयानबाट ओराल्ने लगायतका उपयुक्त उपाय अवलम्बन गर्न सक्ने, उपदफा (४) बमोजिमको कार्य गर्दा नागरिक उड्डयन सम्बन्धी प्रचलित कानून तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौता बमोजिम गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| १७ | वायुयान उडाउन नहुने | कुनै वायुयान, त्यसमा सवार व्यक्ति, अन्य वायुयान वा जमिनमा रहेका व्यक्ति, भौतिक संरचना वा कसैको धनमालको सुरक्षालाई जोखिममा पार्ने वा पर्न सक्ने गरी वायुयान उडाउन नहुने गरी यो दफामा प्रस्ताव गरिएको छ । |
| १८ | चालकरहित वायुयान सञ्चालन गर्न अनुमति पत्र लिनुपर्ने | कसैले नेपालको हवाई क्षेत्रमा चालकरहित वायुयानको सञ्चालन वा उडान गर्न वा गराउन चाहेमा प्राधिकरणबाट अनुमतिपत्र लिनु पर्ने व्यवस्था गरिएको छ। |
| १९ | दर्ता नभएको वायुयान उडाउन नहुने | नेपाल वा अन्य कुनै मुलुकमा दर्ता नभएको वायुयान नेपालमा उडाउन नहुने व्यवस्था गरिएको छ। |
| २० | वायुयानको दर्ता | नेपालमा वायुयान दर्ता गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको कागजात संलग्न गरी प्राधिकरणमा निवेदन दिनु पर्ने, निवेदन र संलग्न कागजात जाँचबुझ गर्दा तोकिए बमोजिमको शर्त पूरा गरेको देखिएमा प्राधिकरणले तोकिए बमोजिम वायुयान दर्ता गर्ने, अन्य मुलुकमा दर्ता भएको वायुयानलाई नेपालमा दर्ता नगरिने, तर अन्य मुलुकबाट दर्ता खारेजी भएको वायुयानलाई यस ऐनको अधीनमा रही नेपालमा दर्ता गर्न सकिने, नेपालमा |

| | | |
|---|---|---|
| | | सञ्चालन हुने वायुयानमा स्पष्ट देखिने गरी दर्ता नम्बर अङ्कित गरेको हुनु पर्ने व्यवस्था गरिएको छ। |
| २१ | वायुयानको दर्ता खारेज | वायुयान दुर्घटनामा परी वा अन्य प्राविधिक कारणले संचालनमा ल्याउन नसकेमा, वायुयान बिक्री भइ नेपाल बाहिर पठाउनु पर्ने भएमा दर्ता खारेज गर्ने व्यवस्था गरिएको छ । |
| २२ | राष्ट्रिय चिन्ह अङ्कित भएको वायुयान मात्र उडाउन पाइने | वायुयान दर्ता भएको मुलुकको राष्ट्रिय चिन्ह अङ्कित वायुयानमात्र नेपालको हवाई क्षेत्रमा उडान गर्न पाउने व्यवस्था गरिएको छ। |
| २३ | आपसी समझदारीमा नियमन हुन सक्ने | अन्य मुलुकमा दर्ता भएको वायुयान नेपालमा लिज वा भाडामा ल्याई सञ्चालन गर्दा वा नेपालमा दर्ता भएको वायुयान अन्य मुलुकमा लिज वा भाडामा दिंदा त्यस्तो राष्ट्रको नियमनकारी निकाय तथा प्राधिकरण बीच आपसी समझदारीको आधारमा तय गरिएको शर्त बमोजिम हुने व्यवस्था गरिएको छ। |
| २४ | टाइप प्रमाणपत्र | नेपालमा दर्ता नभएको वायुयानको टाइप प्रमाणपत्र लिन चाहने वायुयान धनी, संस्था वा वायुयान निर्माताले टाइप प्रमाणपत्रको लागि प्राधिकरणमा तोकिए बमोजिमको ढाँचामा निवेदन दिन सक्ने, यसरी निवेदन पर्न आएमा प्राधिकरणले आवश्यक जाँचबुझ गर्दा उपयुक्त देखिएमा तोकिए बमोजिमको शुल्क लिई टाइप प्रमाणपत्र जारी गर्ने व्यवस्था गरिएको छ। |
| २५ | वायुयानको उडान योग्यता | नेपालको हवाई क्षेत्रमा उडान गर्नका लागि वायुयानले प्राधिकरणबाट उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयरवर्दिनेश) प्राप्त गर्नु पर्ने, तर परीक्षण उडान वा पोजिशन फ्लाइटको हकमा महानिर्देशकले तोकिए बमोजिम जारी गरेको पटके उडान अनुमति प्राप्त गरी उडान गर्न सकिने, नेपालमा दर्ता गरिएको वायुयानको उडान योग्यताको प्रमाणपत्र प्राधिकरणले तोकिए बमोजिमको ढाँचामा जारी गर्ने, उडान योग्यताको प्रमाणपत्र प्राप्त नगरेको वा उडान योग्यताको प्रमाणपत्रको म्याद समाप्त भएको कुनै वायुयानले नेपालभित्र उडान गरेको पाइएमा महानिर्देशक वा निजबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो वायुयानलाई तत्काल नियन्त्रणमा लिई आवश्यक कारबाही गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| २६ | उडान गर्न रोक लगाउने वा उडान योग्यताको | यस ऐन बमोजिम जारी गरिएको उडान योग्यताको प्रमाणपत्रमा उल्लिखित शर्त वा आदेश उल्लङ्घन गरी वायुयान उडान गरेमा महानिर्देशकले त्यस्तो वायुयान सञ्चालन गर्ने संस्था वा व्यक्तिलाई दफा ४२ बमोजिम जरिवाना गरी बढीमा छ महिनासम्म हवाई सेवा सम्बन्धी व्यवसाय गर्न नपाउने गरी रोक लगाउन सक्ने, |

| | | |
|---|---|---|
| | प्रमाणपत्र खारेज गर्ने | उपदफा (१) बमोजिमको अवधिभित्र त्यस्तो वायुयान सञ्चालन गर्ने संस्था वा व्यक्तिले उडान योग्यताको प्रमाणपत्रमा उल्लिखित शर्त पूरा नगरेमा वा आदेशको पालना नगरेमा निजको उडान योग्यताको प्रमाणपत्र खारेज गर्न सकिने, उपदफा (१) बमोजिम उडान गर्न रोक लगाउँदा वा उपदफा (२) बमोजिम उडान योग्यताको प्रमाणपत्र खारेज गर्नुअघि सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्ने व्यवस्था गरिएको छ। |
| २७ | मर्मत, सम्भार नगरी वायुयान उडान तथा सञ्चालन गर्न नहुने | वायुयानको उडान योग्यताको प्रमाणपत्रमा उल्लेख गरिए बमोजिम वायुयान, सोको इन्जिन तथा अन्य पार्टपूर्जाहरुको मर्मत, सम्भार सम्बन्धी अनुमति प्राप्त संस्थाबाट मर्मत, सम्भार नगरी वायुयान उडान तथा सञ्चालन गर्न नहुने व्यवस्था गरिएको छ। |
| २८ | वायुयानको परीक्षण गर्नुपर्ने | वायुयान उडान गर्नुअघि प्राधिकरणको अधिकार प्राप्त प्राविधिकबाट वायुयानको सबै यन्त्र, उपकरण तथा सामान परीक्षण वा जाँच गराई उडानयोग्य भएको प्रमाणित गर्नु पर्ने गरी व्यवस्था गरिएको छ। |
| २९ | व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र | व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र प्राप्त नगरी कसैले वायुयानको उडान सञ्चालन, वायुयानको मर्मत, सम्भार, फ्लाइट डिस्प्याचिङ, एयर ट्राफिक कन्ट्रोल, सञ्चार, उड्डयन सहायक तथा निगरानी उपकरणको जडान तथा मर्मत, सम्भार गर्न वा गराउन नहुने,महानिर्देशकले तोकिए बमोजिमको ढाँचामा बढीमा पाँच वर्ष अवधि तोकी व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र जारी गर्ने, व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र सम्बन्धी योग्यता, स्वास्थ्य परिक्षण तथा जाँच, परीक्षा र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ । |
| ३० | व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र निलम्बन वा खारेज गर्न सक्ने | व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कामकारबाही गरेको पाइएमा महानिर्देशकले निजले प्राप्त गरेको इजाजतपत्र वा प्रमाणपत्र बढीमा छ महिनाको लागि निलम्बन गर्न सक्ने, निलम्बन अवधिसम्म त्यस्तो व्यक्तिले शर्त पूरा नगरेमा निजको इजाजतपत्र वा प्रमाणपत्र महानिर्देशकले खारेज गर्न सक्ने, व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र निलम्बन वा खारेज गर्नुअघि सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्ने व्यवस्था गरिएको छ। |
| ३१ | शुल्क लिन सक्ने | ऐन बमोजिम जारी गरिने अनुमतिपत्र, इजाजतपत्र, प्रमाणपत्र वा मान्यता दिने, यस ऐन बमोजिम जारी हुने अनुमतिपत्र, इजाजतपत्र, प्रमाणपत्र वा मान्यता नवीकरण, वायुयान दर्ता तथा दर्ता खारेज, अनुमतिपत्र, इजाजतपत्र, प्रमाणपत्र वा मान्यता जारी गर्न वा नवीकरण गर्न स्वीकृति प्रदान गर्ने प्रयोजनको लागि गरिने परीक्षण वा |

| | | |
|---|---|---|
| | | निरीक्षण, सेवा प्रदायक संस्थाको कागजात, म्यानुअल, नक्सा, चार्ट आदि स्वीकृत वा प्रमाणीकरण, प्राधिकरणबाट प्रदान गरिने उडान सुरक्षा सेवा र विमानस्थल दर्ता, समयमा शुल्क नबुझाएकोमा तोकिए बमोजिम लाग्ने विलम्ब शुल्क लिन सक्ने व्यवस्था गरिएको छ। |
| ३२ | महानिर्देशक | प्राधिकरणको दैनिक कार्य सञ्चालनको लागि कार्यकारी प्रमुखको रुपमा काम गर्न नेपाल सरकारले नेपाल सरकारको कम्तिमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत पदमा वा प्राधिकरणको सेवामा बहाल रहेको वरिष्ठतम् अधिकृतलाई महानिर्देशकको पदमा नियुक्त गर्ने, महानिर्देशकको पदावधि चार वर्षको हुने र निजको कार्य सन्तोषजनक भएमा निज अर्को एक कार्यकालको लागि पुनः नियुक्त हुन सक्ने, गैरनेपाली नागरिक, भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री, वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिकपतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको, प्रचलित कानून बमोजिम कालोसूची वा साहूको दामासाहीमा परेको, शारीरिक तथा मानसिक अस्वस्थताको कारणले महानिर्देशकको पदमा रही सेवा गर्न असमर्थ भएको, कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको, आफू वा आफ्नो परिवारको कुनै सदस्य सेवा प्रदायक संस्थासँग प्रत्यक्ष रुपमा संलग्न भएको वा प्राधिकरणसँगको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको ब्यक्ति महानिर्देशकको पदमा नियुक्तिको लागि अयोग्य हुने, यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम सम्पादन गर्नुपर्ने कामको कार्यान्वयन गर्न वा गराउन निजमा कार्यक्षमताको अभाव भएमा, प्राधिकरणको कामकारबाही इमान्दारीपूर्वक नगरेमा वा बदनियतपूर्वक गरेको देखिएमा, आफ्नो पद अनुसारको आचरण नगरेमा, उपदफा (३) बमोजिम अयोग्य भएमा, निजको कार्य सम्पादन सन्तोषजनक नभएमा, प्राधिकरणको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको प्रमाणित भएमा, उपदफा (४) बमोजिम महानिर्देशकलाई पदमुक्त गर्नुअघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्ने ब्यवस्था गरिएको छ । |
| ३३ | महानिर्देशकको काम, कर्तव्य र अधिकारः | ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त महानिर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेः<br>(क) प्राधिकरणको दैनिक प्रशासन सञ्चालन तथा व्यवस्थापन गर्ने,<br>(ख) प्राधिकरणको लागि आवश्यक पर्ने विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड तर्जुमा गरी समितिमा पेश गर्ने,<br>(ग) प्राधिकरणको कोषको सञ्चालन, नियन्त्रण र सुपरीवेक्षण गर्ने वा गराउने, |

| | | |
|---|---|---|
| | | (घ) प्राधिकरणको सम्पत्तिको रेखदेख, व्यवस्थापन तथा संरक्षण गर्ने वा गराउने,<br>(ङ) प्राधिकरणको आवधिक योजना, वार्षिक कार्यक्रम र आयव्ययको अनुमान तयार गरी स्वीकृतिका लागि समितिसमक्ष पेश गर्ने,<br>(च) स्वीकृत बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,<br>(छ) सङ्गठनबाट जारी मापदण्ड तथा सिफारिस (स्टयाण्डर्डस एण्ड रिकमेण्डेड प्राक्टिसेज) र सो बमोजिमका आवश्यक शर्त (रिक्वायरमेण्ट्स), निर्देशिका (डाईरेक्टिभ्स), दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) वा आदेश जारी गर्ने र सोको कार्यान्वयन गर्ने वा गराउने,<br>(ज) प्रमाणपत्र, इजाजतपत्र, अनुमतिपत्र, मान्यता वा अधिकारपत्र प्राप्त व्यक्ति वा संस्थाको सुरक्षा सुपरीवेक्षण (सेफ्टी ओभरसाइट) गर्ने वा उक्त कार्यका लागि निरीक्षक नियुक्त गरी आबश्यक अधिकार प्रदान गर्ने,<br>(झ) नेपालमा सञ्चालन हुने विदेशी वायु सेवाको उडान सुरक्षा सुपरीवेक्षण सम्बन्धी कार्य गर्ने वा गराउने,<br>(ञ) उडान सुरक्षामा प्रतिकूल प्रभाव पार्ने वा पार्न सक्ने कुनै अवस्थाको छानबिन गर्ने, सुरक्षाको लागि समितिमा सिफारिस गर्ने र तोकिए बमोजिम आवश्यक कारबाही गर्ने,<br>(ट) यस ऐन बमोजिम जारी गरिएका इजाजतपत्र, प्रमाणपत्र, अनुमतिपत्र वा मान्यता प्राप्त व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, आवश्यक शर्त (रिक्वायरमेण्ट्स), निर्देशिका (डाईरेक्टिभ्स), दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) तथा आदेशको उल्लङ्घन गरी उडान सुरक्षामा प्रतिकूल असर पार्ने कार्य गरेको पाइएमा त्यस्ता व्यक्ति वा संस्थालाई यस ऐन बमोजिम प्राप्त कुनै वा सबै अधिकार प्रयोगमा रोक लगाउने,<br>(ठ) कुनै वायुयान, उपकरण, नागरिक उड्डयनसँग सम्बन्धित सेवा वा सुविधाको सञ्चालन उडान सुरक्षाको दृष्टिले उपयुक्त रहे वा नरहेको सम्बन्धमा निरीक्षण तथा जाँचबुझ गर्ने वा गराउने,<br>(ड) नेपाल सरकारले अर्को ब्यवस्था नगरेसम्म हवाई सुरक्षाको उपयुक्त अधिकारी (एप्रोप्रिएट अथोरिटी) को रुपमा काम गर्ने,<br>(ध) मन्त्रालयसँगको समन्वयमा नागरिक उड्डयनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाहरुसँग समन्वय गर्ने र पारस्परिक सहयोग आदानप्रदानको व्यवस्था मिलाउने,<br>(ण) नेपाल सरकार तथा अन्य निकायबीच सम्पर्क अधिकारीको रुपमा काम गर्ने,<br>(त) प्राधिकरणको कामकारबाही व्यवस्थित र प्रभावकारी रूपबाट सञ्चालन गर्ने वा गराउने, |

| | | |
|---|---|---|
| | | (थ) कुनै वायुयान, उपकरण, नागरिक उड्डयनसँग सम्बन्धित सेवा वा सुविधाको सञ्चालन असुरक्षित तवरले भइरहेको वा हुन लागेको र सोबाट धनजनको क्षति पुग्न सक्ने पर्याप्त आधार देखिएमा त्यस्तो वायुयान, उपकरण, सेवा वा सुविधाको सञ्चालन रोक लगाई आवश्यक छानबिन गर्ने,<br>(द) समितिले तोकेका अन्य कार्य गर्ने व्यवस्था गरिएको छ । |
| ३४ | कर्मचारी सम्बन्धी व्यवस्था | प्राधिकरणको काम सुचारू रूपले सञ्चालन गर्नका लागि प्राधिकरणमा आवश्यक सङ्ख्यामा कर्मचारी रहने, प्राधिकरणका कर्मचारीको नियुक्ति, सेवाका शर्त तथा सुविधा तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ । |
| ३५ | योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गर्ने | यो ऐन प्रारम्भ भएपछि नियुक्ति हुने प्राधिकरणका कर्मचारीको हकमा निज सेवा निवृत्त हुँदा पाउने सेवा सुविधाको व्यवस्था गर्न प्राधिकरणले प्रचलित कानून बमोजिमको योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गर्ने, निवृत्तभरण प्रणाली बमोजिम कर्मचारीले गर्नु पर्ने योगदान तथा प्राधिकरणले जम्मा गर्नु पर्ने रकम सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ । |
| ३६ | विज्ञ नियुक्त गर्न सक्ने | प्राधिकरणले नियमनकारी कार्यका लागि आवश्यक परेमा स्वदेशी वा विदेशी विज्ञलाई सेवा करारमा नियुक्त गर्न सक्ने, "विज्ञ" भन्नाले नागरिक उड्डयनसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी नागरिक उड्डयन क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरी विशेषज्ञता हासिल गरेको व्यक्ति सम्झनु पर्ने व्यवस्था गरिएकोछ। |
| ३७ | कर्मचारी समायोजन सम्बन्धी व्यवस्था | यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम गठित नेपाल नागरिक उड्डयन प्राधिकरणमा कार्यरत स्थायी कर्मचारी प्राधिकरणमा रहन चाहेमा त्यस्ता कर्मचारीले सो प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरेको मितिले साठी दिनभित्र प्राधिकरण मार्फत मन्त्रालयमा निवेदन दिनु पर्ने, निवेदन पेश गरेका कर्मचारीको योग्यता, कार्यअनुभव र कार्यप्रकृतिका आधारमा मन्त्रालयले मापदण्ड बनाई प्राधिकरणको स्वीकृत दरबन्दीमा समायोजन गर्न सक्ने, समायोजन भएका कर्मचारीको अवकाश पश्चातको सुविधाको प्रयोजनको लागि यो ऐन प्रारम्भ हुनुअघि नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा कार्य गरेको सेवा अवधिलाई समेत गणना गरिने, प्राधिकरणमा समायोजन भएका कर्मचारीले यो ऐन प्रारम्भ हुँदाका बखत निजले पाइरहेको पारिश्रमिक सेवाका शर्त नघट्ने गरी पारिश्रमिक तथा सुविधा पाउने, निजामती सेवाबाट नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा परिणत भई यस ऐन बमोजिम समायोजन भएका बीस वर्ष स्थायी सेवा अवधि पूरा गरेका कर्मचारी अवकाश हुँदा निजहरुले निवृत्तभरण वा उपदानमध्ये कुनै एक सुविधा रोज्न सक्ने व्यवस्था गरिएको छ । |

| | | |
|---|---|---|
| ३८ | प्राधिकरणको कोष | प्राधिकरणको आफ्नो एउटा कोष हुने, उक्त कोषमा दफा ३१ बमोजिमको शुल्कबापत प्राप्त रकम, प्राधिकरणको स्वामित्वमा रहेको भवन, जग्गा, जमिन वा अन्य चल अचल सम्पत्तिको उपयोग गरेबापत प्राप्त रकम, स्वदेशी सङ्घ, संस्था, व्यक्तिबाट ऋण वा अनुदान बापत प्राप्त रकम, विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्थाबाट ऋण वा अनुदान बापत प्राप्त रकम, प्राधिकरणको कोषमा रहेको रकम लगानी गरेबापत प्राप्त रकम, दफा ४२ बमोजिम जरिवाना बापत प्राप्त रकम, नेपाल सरकारबाट प्राप्त रकम, यात्रुसेवा शुल्कमध्येबाट नेपाल सरकारको निर्णय अनुसार अनुपातको आधारमा उपलब्ध हुने रकम, प्राधिकरणबाट आर्जित अन्य आय, वापत प्राप्त रकम रहने, कुनै विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट ऋण वा अनुदान बापत रकम प्राप्त गर्दा नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्ने, कोषबाट प्राधिकरणको सम्पूर्ण खर्च व्यहोरिने, कोषमा जम्मा भएको रकम नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिने व्यवस्था गरिएको छ । |
| ३९ | लेखा र लेखापरीक्षण | प्राधिकरणले आफ्नो आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुसार राख्नु पर्ने, प्राधिकरणले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्ने, प्राधिकरणको आन्तरिक लेखा परीक्षण प्रचलित कानून बमोजिमको दर्तावाला लेखा परीक्षकमध्ये सञ्चालक समितिबाट नियुक्त लेखा परीक्षकबाट गराउनु पर्ने, प्राधिकरणको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुने व्यवस्था गरिएकोछ। |
| ४० | कसूर | कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिने:<br>(क) दर्ता नभएको वायुयान नेपालमा उडान वा सञ्चालन गरेमा,<br>(ख) दर्ता गर्ने राष्ट्रबाट स्वीकृतराष्ट्रियता तथा दर्ता सङ्केतभन्दा फरक सङ्केत प्रयोग गरी नेपालमा वायुयान उडान वा सञ्चालन गरेमा ,<br>(ग) अनधिकृत व्यक्तिले वायुयान उडान गरेमा,<br>(घ) प्रचलित कानून बमोजिम बीमा नगरी वायुयान उडान गरेमा,<br>(ङ) वायुयान, यात्रु, जमिनमा रहेको व्यक्ति वा सम्पत्तिको सुरक्षामा गम्भीर असर पुग्न सक्ने गरी वायुयान उडाएमा,<br>(च) कसैले वायुयान, यात्रु वा चालक दलका सदस्यलाई अवरोध वा खतरा पुग्ने कुनै किसिमको कार्य गरेमा।<br>(छ) उडान योग्यताको प्रमाणपत्र वा उडान अनुमतिपत्र नलिई वा त्यस्तो प्रमाणपत्र वा अनुमतिपत्रमा तोकिएको शर्त विपरीत हुने गरी वायुयान उडान वा सञ्चालन गरेमा,<br>(ज) प्राधिकरणले जारी गरेको वा मान्यता प्रदान गरेको इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्र आवश्यक पर्ने कुनै कामकारबाही त्यस्तो इजाजतपत्र, प्रमाणपत्र, अनुमतिपत्र नलिई वा मान्यता प्राप्त नगरी गरेमा, |

| | | |
|---|---|---|
| | | (झ) झुट्ठा इजाजतपत्र ,प्रमाणपत्र वा अनुमतिपत्रको आधारमा सेवा सञ्चालन गरेमा,<br>(ञ) प्राधिकरणले तोकिको शर्त पालना नगरेमा वा शर्त विपरीत एयर नेभिगेशन सेवाको सञ्चालनसँग सम्बन्धित कार्य गरेमा,<br>(ट) प्रमाणपत्र बिना एयर नेभिगेशन सेवासँग सम्बन्धित कार्यमा संलग्न भएमा,<br>(ठ) प्राधिकरणको स्वीकृति नलिई वा निर्धारित सुरक्षा मापदण्ड तथा प्रक्रिया अवलम्वन नगरी खतराजनक वस्तु वायुयानबाट ओसारपसार गरेमा,<br>(ड) प्राधिकरणले निर्धारण गरे बमोजिमको मर्मत सम्भार नगरी वायुयान सञ्चालन गरेमा।<br>(ढ) एयर नेभिगेशन सेवामा बाधा अवरोध हुने गरी कुनै यन्त्र ,उपकरण वा सञ्चार उपकरण सञ्चालन गरेमा,<br>(ण) स्वीकृत हवाई भाडा दरभन्दा बढी हवाई भाडा दर लिई उडान सञ्चालन गरेमा,<br>(त) प्राधिकरणले तोके बमोजिमका कागजात नराखी वायुयान उडान गरेमा,<br>(थ) कार्य समयको सीमा तोकिएकोमा सोको उल्लङ्घन हुने गरी वायुयान सञ्चालन गरेमा,<br>(द) प्राधिकरणले तोके बमोजिमको सुरक्षात्मक व्यवस्थापन प्रणाली अवलम्बन नगरेमा,<br>(ध) प्राधिकरणले माग गरेको जानकारी वा सूचना उपलब्ध नगराएमा,<br>(न) उड्डयन सम्बन्धी घटना वा दुर्घटनालाई सुपरीवेक्षण वा निरीक्षण गर्ने अधिकारको प्रयोगमा बाधा वा अवरोध गर्ने वा अनुचित प्रभाव पार्ने कार्य गरेमा,<br>(प) यो ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका, कार्यविधि वा मापदण्ड पालना नगरेमा कसूर गरेको मानिने व्यवस्था गरिएकोछ। |
| ४१ | सजाय | दफा ४० बमोजिमको कसूर गरेमा खण्ड (क) देखि (च) सम्मको कसूरमा पाँच लाख देखि पन्ध्र लाख रुपैयाँ सम्म, खण्ड (छ) देखि (ड) सम्मको कसूरमा पाँच लाख रुपैयाँ देखि दश लाख रुपैयाँ सम्म, खण्ड (ढ) देखि खण्ड (प) सम्मको कसूर गरेमा एक लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँ सम्म महानिर्देशकले जरिवाना गर्न सक्ने, महानिर्देशकले गरेको जरिवानामा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्ने व्यवस्था गरिएकोछ। |
| ४२ | नेपाल सरकार वादी हुने | दफा ४० अन्तर्गतको कसूर सम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुने गरी व्यवस्था गरिएकोछ। |
| ४३ | ऐन लागू नहुने | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐनको व्यवस्था सैनिक वायुयान उडानको लागि तोकिएको विमानस्थल क्षेत्रको हकमा लागू व्यवस्था गरिएकोछ। |

| | | |
|---|---|---|
| ४४ | बीमा गर्नुपर्ने | कसैले पनि नेपालको हवाई क्षेत्रमा वायुयान उडाउनु अघि प्रचलित कानून बमोजिम वा प्राधिकरणले निर्धारण गरे बमोजिमको बीमा गर्नु पर्ने व्यवस्था व्यवस्था गरिएकोछ। |
| ४५ | अन्य संस्थामा आवद्ध हुन नहुने | प्राधिकरणको अध्यक्ष, सदस्य, महानिर्देशक र कर्मचारी प्राधिकरणको सेवाबाट जुनसुकै कारणले अलग भएको मितिदेखि दुई वर्षसम्म प्राधिकरणले नियमन गर्ने सेवा प्रदायक संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आवद्ध हुन नपाउने व्यवस्था गरिएकोछ। |
| ४६ | वार्षिक प्रतिवेदन | प्राधिकरणले आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र मन्त्रालयमा वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था गरिएकोछ। |
| ४७ | नेपाल सरकारसँग सम्पर्क | प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्ने व्यवस्था गरिएकोछ। |
| ४८ | असूल गर्न सकिने | प्राधिकरणलाई बुझाउनु पर्ने दफा ३१ बमोजिमको शुल्क तोकिएको म्यादभित्र नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिबाट प्राधिकरणले तोकिए बमोजिम थप शुल्क असूल गर्न सक्ने, शुल्क नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिबाट प्राधिकरणले त्यस्तो शुल्क सरकारी बाँकी सरह असूल गर्न सक्ने व्यवस्था गरिएकोछ। । |
| ४९ | भाग लिन वा हिस्सेदार हुन नपाउने | प्राधिकरणको अध्यक्ष, सदस्य, महानिर्देशक, कर्मचारी तथा विशेषज्ञले प्राधिकरणसँगको कुनै पनि कारोबार वा ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भाग लिन वा हिस्सेदार हुन नपाउने व्यवस्था गरिएकोछ। |
| ५० | शपथ | समितिको मनोनित सदस्यले पदमा बहाल गर्नुअघि अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्ने व्यवस्था गरिएको छ। |
| ५१ | अधिकार प्रत्यायोजन | समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको सदस्य, महानिर्देशक वा प्राधिकरणको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने, महानिर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये न्यायिक अधिकार बाहेकका अधिकार प्राधिकरण अन्तर्गतका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरिएको छ। |
| ५२ | निर्देशन दिन सक्ने | मन्त्रालयले यो ऐन कार्यान्वयन गर्ने सन्दर्भमा प्राधिकरणलाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु प्राधिकरणको कर्तव्य हुनेछ भनि व्यवस्था राखि प्राधिकरणलाई सरकार प्रति उत्तरदायी बनाउने व्यवस्था गरिएकोछ। |

| | | |
|---|---|---|
| ५३ | प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने | कसैले यस ऐन विपरीत गरेको कुनै कार्यबाट अन्य प्रचलित कानून बमोजिमसमेत कसूर हुने भएमा त्यस्तो कानून बमोजिम मुद्दा चलाउन सकिने व्यवस्था गरिएको छ। |
| ५४ | सम्पत्ति तथा दायित्व सर्ने | यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वामित्वमा रहेका घर, जग्गा र सम्पत्तिमध्ये प्राधिकरणलाई आवश्यक पर्ने भनी नेपाल सरकारले तोकिदिएको चल तथा अचल सम्पत्ति प्राधिकरणमा सार्न सकिने व्यवस्था गरिएको छ। |
| ५५ | नियम बनाउने अधिकार | नेपाल सरकारले यस ऐन बमोजिम वायुयान, विमानस्थल, व्यक्तिगत वा संस्थाको नाममा जारी गरिने दर्ता प्रमाणपत्र, इजाजतपत्र, अनुमतिपत्र वा मान्यता र त्यस्तो दर्ता प्रमाणपत्र, इजाजतपत्र, अनुमतिपत्र वा मान्यताको नवीकरण, निलम्बन वा खारेज, वायुयानको दर्ता वा वायुयान सञ्चालन प्रमाणपत्रको ढाँचा, संलग्न गर्नुपर्ने कागजात तथा राष्ट्रिय चिन्ह, राष्ट्रिय उडान सुरक्षा कार्यक्रम तथा उडान सुरक्षा व्यवस्थापन, आपसी समझदारीमा हुने नियमन, वायुयानको मर्मत, सम्भार तथा परीक्षण, अध्यक्ष तथा सदस्यको सेवाका शर्त र सुविधा, समिति तथा प्राधिकरणको काम, कर्तब्य र अधिकार, प्राधिकरणबाट प्रदान गरिने सेवाको शुल्क, कोषको सञ्चालन, निरीक्षकको नियुक्ति, महानिर्देशकको नियुक्ति, सुविधा तथा सेवाको शर्त, ऐनको कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषयमा आवश्यक नियम बनाउन सक्ने व्यवस्था गरिएको छ । |
| ५६ | विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने | प्राधिकरणले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही कर्मचारी प्रशासन तथा कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी, खरिद, आर्थिक कार्यविधि र आर्थिक प्रशासन सम्बन्धी विषयमा विनियमहरु बनाउन सक्ने, यस्तो विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुने तर नेपाल सरकारलाई आर्थिक व्ययभार वा दायित्व पर्ने विषयमा विनियम बनाउँदा नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिनु पर्ने, यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमहरुको प्रतिकूल नहुने गरी प्राधिकरणले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार वा दायित्व पर्ने गरी बनाउनु नहुने, विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्राधिकरणले सार्वजनिक गर्नु पर्ने व्यवस्था गरिएको छ । |
| ५७ | ऐन कार्यान्वयन | ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच बर्षपछिको एक बर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्ने, सोको प्रतिवेदन |

| | | |
|---|---|---|
| | मापन | सङ्घीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नु पर्ने व्यवस्था गरीएकोछ। |
| ५८ | खारेजी र बचाउ | यो ऐन कार्यान्वयनमा आए पश्चात नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ का प्रावधान स्वतः निश्कृय हुने र सो अन्तर्गत भए गरेका कामकारवाहीहरुलाई यसै ऐन बमोजिम भए गरेको मानिने व्यवस्था गरिएको छ। |

## नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावना: नेपालको नागरिक उड्डयन सेवालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप विकास तथा विस्तार गर्न, प्रभावकारी नियमन गरी नागरिक उड्डयन सेवालाई सुरक्षित, नियमित, स्तरीय, भरपर्दो र सर्वसुलभ बनाउन नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

### परिच्छेद– १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०८१" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयरवर्दिनेस)" भन्नाले कुनै वायुयान उडान गर्ने प्रयोजनको लागि तोकिएबमोजिमका शर्त पूरा गरेको आधारमा प्राधिकरणबाट जारी गरिएको प्रमाणपत्र सम्झनु पर्छ।

(ग) "उडान सुरक्षा" भन्नाले वायुयान सञ्चालनसँग सम्बद्ध जोखिम न्यूनीकरण र नियन्त्रण सम्बन्धी स्वीकार्य स्तरको उडान सुरक्षा सम्झनु पर्छ।

(घ) "एयर नेभिगेशन सेवा" भन्नाले वायुयान उडान सञ्चालनका सबै चरणमा उपलब्ध गराइने एयर ट्राफिक सेवा, हवाई सञ्चार, पथ प्रदर्शन, निगरानी, उड्डयन मौसमी सेवा, खोज तथा उद्दार सेवा र उड्डयन सूचना सेवा सम्झनु पर्छ।

(ङ) "टाइप प्रमाणपत्र" भन्नाले वायुयान, इन्जिन वा प्रोपेलरको प्रारुप परिभाषित गर्न अधिकार प्राप्त मुलुकले उडान योग्यता सम्बन्धी शर्तहरु (एयरवर्दिनेश रिक्वायरमेण्ट) पूरा गरेको भनी जारी गरिएको प्रमाणपत्र सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "प्राधिकरण" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ।

(झ) "महानिर्देशक" भन्नाले दफा ३२ बमोजिम नियुक्त प्राधिकरणको महानिर्देशक सम्झनु पर्छ।

(ञ) "वायुयान" भन्नाले हावाको प्रतिक्रियाद्वारा वायुमण्डलमा स्थिर वा चलायमान हुन सक्ने जुनसुकै यन्त्र वा उपकरण जोडिएको यान सम्झनुपर्छ र सो शब्दले जमिनसँग जोडिएको वा नजोडिएको हट एयर बेलुन, मानव रहित उडान प्रणाली, ग्लाईडर, ह्याङ्गग्लाईडर, माइक्रोलाइट वा उड्ने अन्य जुनसुकै यन्त्रलाई समेत जनाउँछ।

(ट) "वायुसेवा" भन्नाले हवाई यातायात सञ्चालन गर्ने कुनै कम्पनी वा संस्थाले यात्रु, डाँक वा मालसामान ओसारपसार गर्ने सेवा सम्झनु पर्छ।

(ठ) "वायुसेवा सञ्चालन प्रमाणपत्र" भन्नाले व्यावसायिक रुपमा वायुसेवा सञ्चालन गर्नको लागि प्राधिकरणबाट वायुसेवा सञ्चालकको नाममा जारी गरिएको प्रमाणपत्र सम्झनु पर्छ।

(ड) “विमानस्थल” भन्नाले वायुयानको आगमन, प्रस्थान तथा सतहमा गुड्न वा धावनको लागि पूर्ण वा आंशिक रुपमा प्रयोग हुने भू-सतह वा जलक्षेत्र र त्यस्तो भू-सतहमा जडिएको कुनै भवन, संरचना वा उपकरणले ओगटेको स्थल समेत सम्झनु पर्छ।

(ढ) “विमानस्थल क्षेत्र” भन्नाले विमानस्थल वा वायुयान उडानको सुरक्षित सञ्चालन तथा नियन्त्रण गर्ने वा सो सम्बन्धी आवश्यक सूचना तथा जानकारी आदानप्रदान गर्ने कामको लागि यन्त्र, सञ्चार वा उड्डयन सहाय (नेभिगेशन एड्) उपकरणहरु जडान भएका वा नभएका सबै स्थान, भवन, टहरा, टावर, जहाज, डुङ्गा वा घाट सम्झनु पर्छ।

(ण) “संगठन” भन्नाले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आ.सि.ए.ओ.) सम्झनु पर्छ।

(त) “सदस्य” भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा सदस्य-सचिवलाई समेत जनाउँछ।

(थ) “सदस्य राष्ट्र” भन्नाले संगठनको सदस्यता प्राप्त गरेको राष्ट्र सम्झनु पर्छ।

(द) “समिति” भन्नाले दफा ६ बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ।

(ध) “सेवा प्रदायक संस्था” भन्नाले एयर नेभिगेशन सेवा, हवाई उड्डयन मौसमी सेवा, खोज तथा उद्दार सेवा, विमानस्थल निर्माण, स्तरोन्नति, सञ्चालन र व्यवस्थापन सम्बन्धी सेवा, वायुसेवा सञ्चालन, वायुयान तथा वायुयानका पार्टपूर्जा निर्माण तथा मर्मत सम्भार सेवा, नागरिक उड्डयन सम्बन्धी प्रशिक्षण सेवा प्रदान गर्ने संस्थालाई सम्झनु पर्छ।

(न) "हवाई मार्ग" भन्नाले वायुयान संचालन गर्नका लागि निर्दिष्ट गरिएको मार्ग सम्झनु पर्छ।

(प) “हवाई सुरक्षा” भन्नाले नागरिक उड्डयनको सुरक्षा गर्ने उद्देश्यले अवलम्बन गरिएका सुरक्षा उपाय सम्झनु पर्छ।

## परिच्छेद–२

## प्राधिकरणको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. प्राधिकरणको स्थापनाः (१) नागरिक उड्डयन सम्बन्धी सेवा प्रदायक संस्थाको नियमनकारी निकायको रुपमा काम गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणको स्थापना गरिएको छ।

(२) प्राधिकरणलाई अंग्रेजी भाषामा “सिभिल एभिएशन अथोरिटी अफ नेपाल” र छोटकरीमा “सि.ए.ए.एन.” भनिनेछ।

(३) प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

४. प्राधिकरण स्वशासित र सङ्गठित संस्था हुनेः (१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला स्वशासित, सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) प्राधिकरणले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

५. प्राधिकरणको काम, कर्तव्य र अधिकारः प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -ः

(क) प्रचलित कानुन अनुसार इजाजत प्राप्त कुनै संस्था वा सेवा प्रदायक संस्थालाई देहायको विषयमा प्रमाणपत्र जारी गर्ने, नवीकरण गर्ने र त्यस्तो प्रमाणपत्रको निलम्बन वा खारेज गर्ने,-

(१) वायुसेवा सञ्चालन,

(२) वायुयान उडान योग्यता,

(३) ग्लाइडर, अल्ट्रालाइट, माइक्रोलाइट, बेलुन, प्याराग्लाइडिङ्ग, ह्याङ्गग्लाइडिङ्ग, स्काइडाइभ जस्ता मनोरञ्जनात्मक उड्डयन क्रियाकलाप सञ्चालन,

(४) एयर नेभिगेशन सेवा सञ्चालन,

(५) विमानस्थल सञ्चालन,

(६) नागरिक उड्डयन सम्बन्धी प्रशिक्षण सञ्चालन,

(७) वायुयान तथा वायुयानको पार्टपूर्जा निर्माण वा मर्मत संभार, वायुयानको विस्तृत मर्मत (ओभरहल),

(८) वायुयान, त्यसका उपकरण वा पार्टपूर्जा पैठारी, सञ्चय, बिक्री-वितरण,

(९) विदेशी वायुसेवा कम्पनीको नेपालमा व्यावसायिक उडान, अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालन,

(१०) नागरिक उड्डयन सम्बन्धी व्यवसाय सञ्चालन ।

(ख) वायुयान दर्ता गरी दर्ता चिन्ह तथा राष्ट्रिय चिन्ह प्रदान गर्ने,

(ग) विमानस्थल दर्ता गर्ने तथा सोको सुरक्षा मापदण्ड स्वीकृत गर्ने,

(घ) वायुयानलाई टाइप प्रमाणपत्र जारी गर्ने वा टाइप प्रमाणपत्रको मान्यता प्रदान गर्ने,

(ङ) नागरिक उड्डयन क्षेत्रमा विशेष योग्यता, दक्षता र अनुभव आवश्यक पर्ने जनशक्तिलाई तोकिए बमोजिम व्यक्तिगत इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्र जारी गर्ने र अन्य मुलुकबाट जारी गरिएका इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्रलाई तोकिए बमोजिम मान्यता प्रदान गर्ने,

(च) एयर ट्राफिक सेवा, उड्डयन सूचना सेवा, वायुयान खोज तथा उद्धार सेवा, अग्नि निवारण र जीवन उद्धार सेवा, उड्डयन मौसमी सूचना सेवाको स्तर तथा मापदण्ड निर्धारण र नियमन गर्ने,

(छ) उड्डयन सञ्चार, हवाई पथ प्रदर्शन, निगरानी लगायत हवाई यातायात तथा विमानस्थल सञ्चालनसँग सम्बन्धित सेवा, सुविधामा प्रयोग हुने यन्त्र, उपकरणको जडान, सञ्चालन तथा मर्मत, सम्भार कार्यको नियमित अनुगमन गर्ने,

(ज) वायुयानको आगमन तथा प्रस्थान गर्ने स्थान, हवाई मार्ग र उडान अवतरण विधि प्राधिकरणबाट स्वीकृत शर्त र मापदण्ड बमोजिम भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने,

(झ) बेलुन, प्याराग्लाइड, प्यारासुट, स्काइडाइभ लगायतका यन्त्ररहित वायुयान तथा मानवरहित वायुयानको लागि उडानका शर्त निर्धारण र नियमन गर्ने,

(ञ) नागरिक उड्डयनमा प्रयोग गरिने मापन इकाई, नेपालको भू-भाग र हवाई क्षेत्रमा वायुयान सञ्चालनको लागि प्रयोग हुने चिन्ह (सिग्नल) तोक्ने र सोको मापदण्ड निर्धारण गर्ने,

(ट) विमानस्थलमा प्रदान गरिएका सेवा र सुविधाको सुपरीवेक्षण गर्ने,

(ठ) नेपालमा दर्ता भएका वायुयान र नेपालको भू-भागमा सञ्चालन हुने वायुयानबाट हुने ध्वनि तथा हानिकारक ग्यास उत्सर्जन सम्बन्धमा आवश्यक शर्त तोक्ने,

(ड) खतराजन्य वस्तु वायुयानबाट ओसारपसार गर्ने सम्बन्धमा शर्त तोक्ने,

(ढ) हवाई सुरक्षा प्रदान गर्ने संस्था, विमानस्थल सञ्चालक, वायुसेवा सञ्चालक तथा अन्य सेवा प्रदायकको सुरक्षा सुपरीवेक्षण (सेक्युरिटी ओभरसाइट) गर्ने वा गराउने,

(ण) एरोनटिकल सर्वेक्षण गर्ने संस्थालाई अनुमति प्रदान गर्ने र त्यस्तो सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा विवरण प्रमाणित गर्ने,

(त) नागरिक उड्डयनको क्षेत्रमा काम गर्ने जनशक्तिको लागि आवश्यक योग्यता तोक्ने, कार्य समयको शर्त निर्धारण गर्ने र सोको अनुगमन गर्ने,

(थ) नेपाल पक्ष भएको नागरिक उड्डयन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि वा सङ्गठनबाट जारी मापदण्ड तथा सिफारिस (स्ट्याण्डर्डस एण्ड रिकमेण्डेड प्राक्टिसेज) र सो बमोजिमका आवश्यक शर्त (रिक्वायरमेण्ट्स), निर्देशिका (डाईरेक्टिभ्स), दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) वा आदेश जारी गर्ने तथा सोको कार्यान्वयन गर्ने वा गराउने,

(द) विभिन्न मुलुकका नागरिक उड्डयन नियामक निकायबीच हुने उडान सुरक्षा सुपरीवेक्षण सम्बन्धी जिम्मेवारीका विषयमा सूचना आदानप्रदान गर्ने,

(ध) नागरिक उड्डयन सम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय संङ्घसंस्था तथा सदस्य राष्ट्रका नागरिक उड्डयन नियामक निकायसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गरी सो सम्बन्धमा मन्त्रालयलाई जानकारी गराउने,

(न) सङ्गठनबाट उडान सुरक्षा प्रवर्द्धनका लागि मापदण्ड निर्माण गर्दा आवश्यकता अनुसार सहभागी हुने तथा त्यस्तो मापदण्ड कार्यान्वयन गर्ने वा गराउने,

(प) नागरिक उड्डयनसँग सम्बन्धित नीतिगत विषयमा मन्त्रालयलाई आवश्यकता अनुसार सुझाव दिने,

(फ) आन्तरिक हवाई भाडादर तय गरी स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(ब) हवाई यात्रुको सेवा, सुविधा तथा सुरक्षा, विमानस्थल तथा विमानस्थल क्षेत्रको सुरक्षा, वायुयानको सुरक्षा, हवाई उडान तथा त्यस्तो कार्यसँग सम्बन्धित व्यक्ति तथा उपकरणको सुरक्षा व्यवस्थापनको लागि सम्बन्धित सेवा प्रदायक संस्था, सम्बन्धित निकाय वा व्यक्तिलाई आवश्यक निर्देशन दिने,

(भ) प्राधिकरणको स्वामित्वमा रहेको भवन, यन्त्र, उपकरण लगायतका सम्पत्तिको सुरक्षाका लागि आवश्यक व्यवस्था गर्ने, र

(म) नेपाल सरकार वा मन्त्रालयले दिएको निर्देशन पालना गर्ने वा गराउने।

## परिच्छेद–३

## सञ्चालक समिति

६. <u>सञ्चालक समितिको गठनः</u> (१) प्राधिकरणको काम, कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि देहायका अध्यक्ष र सदस्य रहेको एक सञ्चालक समिति रहनेछ -ः

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव, मन्त्रालय -सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा स्नातकोत्तर तह उतीर्ण गरी नागरिक उड्डयनको क्षेत्र (वायुयानको उडान, सञ्चालन वा वायुयानको मर्मत, सम्भार वा एयर ट्राफिक कन्ट्रोल वा सञ्चार, उड्डयन सहायक तथा निगरानी उपकरणको जडान तथा मर्मत, सम्भार)

मा कम्तीमा दश वर्ष अनुभव भएका विज्ञमध्येबाट नेपाल सरकारले मनोनयन गरेको व्यक्ति एकजना -सदस्य

(ङ) महानिर्देशक -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र निज पुनः एक पटकको लागि मनोनयन हुन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, कार्यक्षमताको अभाव भएमा, शारीरिक वा मानसिक अस्वस्थताको कारणले काम गर्न असमर्थ देखिएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम पदमुक्त गर्नुअघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

७. समितिको काम, कर्तव्य र अधिकार,समितिको काम : कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नागरिक उड्डयन सम्बन्धी नीति निर्माणमा मन्त्रालयलाई सुझाव दिने,

(ख) प्राधिकरणको साङ्गठनिक संरचना तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्ने,

(ग) प्राधिकरणको वित्तीय स्रोत परिचालन र लगानी नीति तयार गरी स्वीकृतको लागि मन्त्रालयमा पेश गर्ने,

(घ) प्राधिकरणको कर्मचारी प्रशासन, आर्थिक प्रशासन र खरीद सम्बन्धी विनियम मस्यौदा गरी मन्त्रालयमा पेश गर्ने,

(ङ) प्राधिकरणको वार्षिक योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(च) प्राधिकरणको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने,

(छ) प्राधिकरणको स्वीकृत वार्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(ज) प्राधिकरणको तर्फबाट गर्नु पर्ने काम तथा अधिकारको प्रयोग गर्ने,

(झ) प्राधिकरणको बेरुजु फछ्र्यौट गर्ने वा गराउने, र

(ञ) प्राधिकरणको कामकारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन महानिर्देशकलाई आवश्यक निर्देशन दिने।

८. समितिको बैठक र निर्णयः (१) समितिको बैठक सामान्यतया महिनामा एकपटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सदस्य-सचिवले बैठकको कार्यसूची सहित बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा मन्त्रालयबाट प्रतिनिधित्व गर्ने सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको बैठकको निर्णय सदस्य सचिवले बैठकको अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई सोको

अभिलेख सुरक्षित राख्नु पर्नेछ।

(८) समितिले आवश्यकता अनुसार कुनै विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) समितिको बैठकमा भाग लिए बापत सदस्यले नेपाल सरकारको अर्थ मन्त्रालयबाट स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन्।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९. सदस्यको अयोग्यता: देहायको व्यक्ति दफा ६ को उपदफा (१) को खण्ड (घ)बमोजिम सदस्य पदमा मनोनयन हुन वा पदमा बहाल रहन अयोग्य हुनेछः–

(क) गैरनेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री, वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिकपतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालोसूची वा साहूको दामासाहीमा परेको,

(घ) शारीरिक तथा मानसिक अस्वस्थताको कारणले समितिमा रही सेवा गर्न असमर्थ भएको,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(च) ३५ वर्ष पूरा नभएको र ६० वर्ष उमेर नाघेको, वा

(छ) आफू वा आफ्नो एकाघर सगोलको परिवारको कुनै सदस्य सेवा प्रदायक संस्थासँग प्रत्यक्ष रुपमा संलग्न भएको वा प्राधिकरणसँगको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै स्वार्थ रहेको।

१०. पद रिक्त हुने अवस्था: देहायको अवस्थामा दफा ६ को उपदफा (१) को खण्ड (घ) बमोजिमको सदस्यको पद रिक्त हुनेछः-

(क) लिखित राजीनामा दिएमा,

(ख) पदावधि समाप्त भएमा,

(ग) दफा ९ बमोजिम अयोग्य भएमा,

(घ) बिनासूचना समितिको तीनवटा बैठकमा लगातार अनुपस्थित भएमा,

(ङ) दफा ६ को उपदफा (३) बमोजिम पदमुक्त गरिएमा, वा

(च) मृत्यु भएमा।

११. अध्यक्षको काम, कर्तव्य र अधिकार: यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठकमा छलफल गरिने विषय र त्यस्तो विषयको प्राथमिकताक्रम निर्धारण गर्ने,

(ख) प्राधिकरणबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(ग) प्राधिकरणको कामकारबाही व्यवस्थित र प्रभावकारी रुपले सञ्चालन गर्ने वा गराउने,

(घ) समितिको निर्णय कार्यान्वयन गर्न महानिर्देशकलाई निर्देशन दिने।

परिच्छेद-४

## वायुसेवा सञ्चालन

१२. वायुसेवा सञ्चालन प्रमाणपत्र लिनुपर्ने कसैले : नेपालमा व्यावसायिक रुपमा वायुसेवा सञ्चालन गर्न चाहेमा प्राधिकरणबाट वायुसेवा सञ्चालन प्रमाणपत्र (एयर अपरेटर सर्टिफिकेट) लिनुपर्नेछ।

१३. नागरिक उड्डयन व्यवसाय सञ्चालन प्रमाणपत्र लिनुपर्ने : (१) कसैले वायुयान निर्माण तथा मर्मत सम्भार गर्ने, वायुयान वा सोको पार्टपूर्जा बिक्री गर्ने, उड्डयन सम्बन्धी प्रशिक्षण दिने वा अन्य कुनै किसिमको नागरिक उड्डयन सम्बन्धी व्यवसाय सञ्चालन गर्न प्राधिकरणबाट उड्डयन व्यवसाय सञ्चालन प्रमाणपत्र लिनुपर्नेछ।

(२) प्रचलित कानून बमोजिम स्थापित कुनै प्राविधिक शिक्षण संस्थाको प्रत्यक्ष निगरानीमा अनुसन्धान, खोज तथा विकासका लागि वायुयान निर्माण सम्बन्धी कार्य गर्न उपदफा (१) मा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

१४. प्रमाणपत्र निलम्बन वा खारेज गर्न सक्ने : (१) दफा ११ वा 2३ बमोजिम प्रमाणपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणबाट जारी आदेश वा प्रमाणपत्रमा उल्लिखित शर्त उल्लङ्घन गरेमा प्राधिकरणले त्यस्तो प्रमाणपत्र बढीमा छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निलम्बन परेको संस्थाले निलम्बन अविधिमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणबाट जारी आदेश वा प्रमाणपत्रमा उल्लिखित शर्त पूरा गरेमा त्यस्तो निलम्बन समाप्त हुनेछ ।

(३) उपदफा (१) बमोजिम निलम्बन परेको संस्थाले उपदफा (२) बमोजिम शर्त पूरा नगरी निलम्बन समाप्त नभएमा निजको प्रमाणपत्र खारेज हुनेछ।

(४) उपदफा (१) बमोजिम निलम्बन वा उपदफा (३) बमोजिम प्रमाणपत्र खारेज गर्नुअघि सम्बन्धित संस्थालाई सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

१५. कागजात राख्नुपर्ने: नेपालमा दर्ता भएका वा नेपाली वायुसेवा कम्पनीले भाडा वा लिजमा सञ्चालन गरेका वायुयानले उडान गर्दा देहायका कागजात साथमा राख्नुपर्नेछ-:

(क) वायुयान दर्ता प्रमाणपत्र,

(ख) वायुयानको उडान योग्यता प्रमाणपत्र,

(ग) उडानमा रहने चालक दलका प्रत्येक सदस्यको व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र,

(घ) वायुयानको यात्रा अभिलेख पुस्तिका (लग बुक),

(ङ) वायुयानमा रेडियो उपकरण जडित भएमा रेडियो स्टेशन इजाजतपत्र,

(च) यात्रुवाहक वायुयान भएमा त्यसमा यात्रा गर्ने प्रत्येक यात्रुको नाम, राष्ट्रियता तथा प्रस्थान र गन्तव्यस्थल खुल्ने कागजात,

(छ) कार्गोवाहक वायुयान भए कार्गो सम्बन्धी विस्तृत विवरण खुल्ने कागजात,

(ज) खतराजन्य वस्तुको ओसारपसार गर्ने भए सो सम्बन्धी विस्तृत विवरण खुल्ने कागजात, र

(झ) वायुयान तथा उडान सञ्चालन सम्बन्धी कार्यविधि।

१६. <u>वायुयानको उडान सुरक्षाः</u> (१) उडानरत वायुयानको उड्डयन तथा हवाई सुरक्षाको लागि मुख्य जिम्मेवारी प्रमुख चालकको हुनेछ र निजलाई सो अवधिभर उड्डयन तथा हवाई सुरक्षा सुनिश्चितताको लागि आवश्यक कदम चाल्ने अधिकार हुनेछ।

(२) वायुयान उडान गर्न सबै दृष्टिले सुरक्षित रहेको कुरामा वायुयानको प्रमुख चालक विश्वस्त भएपछि मात्र वायुयानको उडान गर्नु पर्नेछ।

(३) वायुयानभित्र रहेका यात्रुले चालक दलका सदस्यले दिएको निर्देशनको पालना गर्नु पर्नेछ र कसैले वायुयान, यात्रु वा चालक दलका सदस्यलाई अवरोध वा खतरा पुग्ने कुनै किसिमको कार्य गर्न वा गराउन हुँदैन।

(४) नेपालमा दर्ता भएको वा नेपालको हवाई क्षेत्रमा उडान गरिरहेको वायुयानभित्र रहेको कुनै व्यक्तिले वायुयान भित्रको शान्ति व्यवस्था र अनुशासनमा खलल पुग्नसक्ने कार्य गरेको वा गर्न लागेको विश्वास गर्न सकिने आधार तथा कारण भएमा वा उडानमा रहेको समयमा प्रचलित कानून बमोजिम फौजदारी कसूर ठहरिने कुनै कार्य गरेको वा गर्न लागेको भन्ने प्रमुख चालकलाई लागेमा निजले त्यस्तो व्यक्तिलाई नियन्त्रणमा लिन वा वायुयानबाट ओराल्ने लगायतका उपयुक्त उपाय अवलम्बन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको कार्य गर्दा नागरिक उड्डयन सम्बन्धी प्रचलित कानून तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौता बमोजिम गर्नु पर्नेछ।

१७. <u>वायुयान उडाउन नहुनेः</u> कुनै वायुयान, त्यसमा सवार व्यक्ति, अन्य वायुयान वा जमिनमा रहेका व्यक्ति, भौतिक संरचना वा कसैको धनमालको सुरक्षालाई जोखिममा पार्ने वा पर्न सक्ने गरी वायुयान उडाउन हुँदैन।

१८. <u>चालकरहित वायुयान सञ्चालन गर्न अनुमतिपत्र लिनुपर्नेः</u> कसैले नेपालको हवाई क्षेत्रमा चालकरहित वायुयानको सञ्चालन वा उडान गर्न वा गराउन चाहेमा प्राधिकरणबाट अनुमतिपत्र लिनु पर्नेछ।

## परिच्छेद-५

## <u>वायुयानको दर्ता तथा राष्ट्रिय चिन्ह</u>

१९. <u>दर्ता नभएको वायुयान उडाउन नहुनेः</u> नेपाल वा अन्य कुनै मुलुकमा दर्ता नभएको वायुयान नेपालमा उडाउन हुँदैन।

२०. <u>वायुयानको दर्ता</u> :(१) नेपालमा वायुयान दर्ता गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको कागजात संलग्न गरी प्राधिकरणमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन र संलग्न कागजात जाँचबुझ गर्दा तोकिए बमोजिमको शर्त पूरा गरेको देखिएमा प्राधिकरणले तोकिए बमोजिम वायुयान दर्ता गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य मुलुकमा दर्ता भएको वायुयानलाई नेपालमा दर्ता गरिने छैन।

तर, अन्य मुलुकबाट दर्ता खारेजी भएको वायुयानलाई यस ऐनको अधीनमा रही नेपालमा दर्ता गर्न सकिनेछ।

(४) नेपालमा सञ्चालन हुने वायुयानमा स्पष्ट देखिने गरी दर्ता नम्बर अङ्कित गरेको हुनु पर्नेछ।

२१. वायुयानको दर्ता खारेजप्राधिकरणले नेपालमा दर्ता रहेको वायुयानको देहायको अवस्थामा दर्ता खारेज : गर्नेछः-

(क) वायुयान दुर्घटनामा परी वा अन्य प्राविधिक कारणले संचालनमा ल्याउन नसकेमा,

(ख) वायुयान बिक्री भइ नेपाल बाहिर पठाउनु पर्ने भएमा।

२२. राष्ट्रिय चिन्ह अङ्कित भएको वायुयान मात्र उडाउन पाइने वायुयान दर्ता भएको मुलुकको राष्ट्रिय चिन्ह : अङ्कित वायुयानमात्र नेपालको हवाई क्षेत्रमा उडान गर्न पाउनेछ।

२३. आपसी समझदारीमा नियमन हुन सक्नेः अन्य मुलुकमा दर्ता भएको वायुयान नेपालमा लिज वा भाडामा ल्याई सञ्चालन गर्दा वा नेपालमा दर्ता भएको वायुयान अन्य मुलुकमा लिज वा भाडामा दिंदा त्यस्तो राष्ट्रको नियमनकारी निकाय तथा प्राधिकरण बीच आपसी समझदारीको आधारमा तय गरिएको शर्त बमोजिम हुनेछ।

२४. टाइप प्रमाणपत्रः (१) नेपालमा दर्ता नभएको वायुयानको टाइप प्रमाणपत्र लिन चाहने वायुयान धनी , संस्था वा वायुयान निर्माताले टाइप प्रमाणपत्रको लागि प्राधिकरणमा तोकिए बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा प्राधिकरणले आवश्यक जाँचबुझ गर्दा उपयुक्त देखिएमा तोकिए बमोजिमको शुल्क लिई टाइप प्रमाणपत्र जारी गर्नेछ ।

## परिच्छेद-६

## उडान योग्यता (एयरवर्दिनेश)

२५. वायुयानको उडान योग्यताः (१) नेपालको हवाई क्षेत्रमा उडान गर्नका लागि वायुयानले प्राधिकरणबाट उडान योग्यताको प्रमाणपत्र(सर्टिफिकेट अफ एयरवर्दिनेश) प्राप्त गर्नु पर्नेछ ।

तर, परीक्षण उडान वा पोजिशन फ्लाइटको हकमा महानिर्देशकले तोकिए बमोजिम जारी गरेको पटके उडान अनुमति प्राप्त गरी उडान गर्न सकिनेछ।

(२) नेपालमा दर्ता गरिएको वायुयानको उडान योग्यताको प्रमाणपत्र प्राधिकरणले तोकिए बमोजिमको ढाँचामा जारी गर्नेछ।

(३) उडान योग्यताको प्रमाणपत्र प्राप्त नगरेको वा उडान योग्यताको प्रमाणपत्रको म्याद समाप्त भएको कुनै वायुयानले नेपालभित्र उडान गरेको पाइएमा महानिर्देशक वा निजबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो वायुयानलाई तत्काल नियन्त्रणमा लिई आवश्यक कारबाही गर्नु पर्नेछ।

२६. उडान गर्न रोक लगाउने वा उडान योग्यताको प्रमाणपत्र खारेज गर्नेःयस ऐन बमोजिम जारी (१) गरिएको उडान योग्यताको प्रमाणपत्रमा उल्लिखित शर्त वा आदेशउल्लङ्घन गरी वायुयान उडान गरेमा महानिर्देशकले त्यस्तो वायुयान सञ्चालन गर्ने संस्था वा व्यक्तिलाई दफा ४२ बमोजिम जरिवाना गरी बढीमा छ महिनासम्म हवाई सेवा सम्बन्धी व्यवसाय गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र त्यस्तो वायुयान सञ्चालन गर्ने संस्था वा व्यक्तिले उडान

योग्यताको प्रमाणपत्रमा उल्लिखित शर्त पूरा नगरेमा वा आदेशको पालना नगरेमा निजको उडान योग्यताको प्रमाणपत्र खारेज गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम उडान गर्न रोक लगाउँदा वा उपदफा (२) बमोजिम उडान योग्यताको प्रमाणपत्र खारेज गर्नुअघि सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

परिच्छेद-७

वायुयानको मर्मत तथा सम्भार

२७. मर्मत, सम्भार नगरी वायुयान उडान तथा सञ्चालन गर्न नहुनेः वायुयानको उडान योग्यताको प्रमाणपत्रमा उल्लेख गरिए बमोजिम वायुयान ,सोको इन्जिन तथा अन्य पार्टपूर्जाहरुको मर्मत, सम्भार सम्बन्धी अनुमति प्राप्त संस्थाबाट मर्मत, सम्भार नगरी वायुयान उडान तथा सञ्चालन गर्नु हुँदैन।

२८. वायुयानको परीक्षण गर्नुपर्नेः वायुयान उडान गर्नुअघि प्राधिकरणको अधिकार प्राप्त प्राविधिकबाट वायुयानको सबै यन्त्र, उपकरण तथा सामान परीक्षण वा जाँच गराई उडानयोग्य भएको प्रमाणित गर्नु पर्नेछ।

परिच्छेद-८

व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र

२९. व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र यस ऐन बमोजिम व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र प्राप्त (१) : नगरी कसैले देहायको काम गर्न वा गराउन हुँदैनः-

(क) वायुयानको उडान सञ्चालन,

(ख) वायुयानको मर्मत, सम्भार,

(ग) फ्लाइट डिस्प्याचिङ,

(घ) एयर ट्राफिक कन्ट्रोल,

(ङ) सञ्चार, उड्डयन सहायक तथा निगरानी उपकरणको जडान तथा मर्मत, सम्भार।

)२महानिर्देशकले तोकिए बमोजिम (को ढाँचामा बढीमा पाँच वर्ष अवधि तोकी व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र जारी गर्नेछ।

(३) व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र सम्बन्धी योग्यता, स्वास्थ्य परिक्षण तथा जाँच, परीक्षा र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र निलम्बन वा खारेज गर्न सक्नेव्यक्तिगत इजाजतपत्र वा (१) : प्रमाणपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कामकारबाही गरेको पाइएमा महानिर्देशकले निजले प्राप्त गरेको इजाजतपत्र वा प्रमाणपत्र बढीमा छ महिनाको लागि निलम्बन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निलम्बन अवधिसम्म त्यस्तो व्यक्तिले शर्त पूरा नगरेमा निजको इजाजतपत्र वा प्रमाणपत्र महानिर्देशकले खारेज गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र निलम्बन वा खारेज गर्नुअघि

सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

## परिच्छेद-९

## सेवा शुल्क

३१. शुल्क लिन सक्ने प्राधिकरणले देहाय :का कार्य गर्दा तोकिए बमोजिम शुल्क लिनेछः-

(क) यस ऐन बमोजिम जारी गरिने अनुमतिपत्र, इजाजतपत्र प्रमाणपत्र ,वा मान्यता दिने,

(ख) यस ऐन बमोजिम जारी हुने अनुमतिपत्र, इजाजतपत्र प्रमाणपत्र ,वा मान्यता नवीकरण,

(ग) वायुयान दर्ता तथा दर्ता खारेज,

(घ) अनुमतिपत्र, इजाजतपत्र, प्रमाणपत्र वा मान्यता जारी गर्न वा नवीकरण गर्न स्वीकृति प्रदान गर्ने प्रयोजनको लागि गरिने परीक्षण वा निरीक्षण,

(ङ) सेवा प्रदायक संस्थाको कागजात, म्यानुअल, नक्सा, चार्ट आदि स्वीकृत वा प्रमाणीकरण,

(च) प्राधिकरणबाट प्रदान गरिने उडान सुरक्षा सेवा र विमानस्थल दर्ता ,

(छ) समयमा शुल्क नबुझाएकोमा तोकिए बमोजिम लाग्ने विलम्ब शुल्क।

## परिच्छेद-१०

## महानिर्देशक तथा कर्मचारी

३२. महानिर्देशकः (१) प्राधिकरणको दैनिक कार्य सञ्चालनको लागि कार्यकारी प्रमुखको रुपमा काम गर्न नेपाल सरकारले नेपाल सरकारको कम्तिमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत पदमा वा प्राधिकरणको सेवामा बहाल रहेको वरिष्ठतम् अधिकृतलाई महानिर्देशकको पदमा नियुक्त गर्नेछ।

(२) महानिर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको कार्य सन्तोषजनक भएमा निज अर्को एक कार्यकालको लागि पुनः नियुक्त हुन सक्नेछ।

(३) देहायको व्यक्ति महानिर्देशकको पदमा नियुक्तिको लागि अयोग्य हुनेछः-

(क) गैरनेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री, वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिकपतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालोसूची वा साहूको दामासाहीमा परेको,

(घ) शारीरिक तथा मानसिक अस्वस्थताको कारणले महानिर्देशकको पदमा रही सेवा गर्न असमर्थ भएको,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(च) आफू वा आफ्नो परिवारको कुनै सदस्य सेवा प्रदायक संस्थासँग प्रत्यक्ष रुपमा संलग्न भएको वा प्राधिकरणसँगको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको।

(४) नेपाल सरकारले देहायको अवस्थामा महानिर्देशकलाई उपदफा (२) बमोजिमको पदावधि पूरा हुनु

अगावै पदमुक्त गर्न सक्नेछः-

(क) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम सम्पादन गर्नुपर्ने कामको कार्यान्वयन गर्न वा गराउन निजमा कार्यक्षमताको अभाव भएमा,

(ख( प्राधिकरणको कामकारबाही इमान्दारीपूर्वक नगरेमा वा बदनियतपूर्वक गरेको देखिएमा,

(ग ( आफ्नो पद अनुसारको आचरण नगरेमा,

(घ( उपदफा (३) बमोजिम अयोग्य भएमा,

(ङ( निजको कार्य सम्पादन सन्तोषजनक नभएमा,

(च( प्राधिकरणको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको प्रमाणित भएमा।

) ५) उपदफा (४) बमोजिम महानिर्देशकलाई पदमुक्त गर्नुअघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

३३. <u>महानिर्देशकको काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त महानिर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको दैनिक प्रशासन सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) प्राधिकरणको लागि आवश्यक पर्ने विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड तर्जुमा गरी समितिमा पेश गर्ने,

(ग) प्राधिकरणको कोषको सञ्चालन, नियन्त्रण र सुपरीवेक्षण गर्ने वा गराउने,

(घ) प्राधिकरणको सम्पत्तिको रेखदेख, व्यवस्थापन तथा संरक्षण गर्ने वा गराउने,

(ङ) प्राधिकरणको आवधिक योजना, वार्षिक कार्यक्रम र आयव्ययको अनुमान तयार गरी स्वीकृतिका लागि समितिसमक्ष पेश गर्ने,

(च) स्वीकृत बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(छ) सङ्गठनबाट जारी मापदण्ड तथा सिफारिस (स्टयाण्डर्डस एण्ड रिकमेण्डेड प्राक्टिसेज) र सो बमोजिमका आवश्यक शर्त (रिक्वायरमेण्ट्स), निर्देशिका (डाईरेक्टिभ्स), दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) वा आदेश जारी गर्ने र सोको कार्यान्वयन गर्ने वा गराउने,

(ज) प्रमाणपत्र, इजाजतपत्र, अनुमतिपत्र, मान्यता वा अधिकारपत्र प्राप्त व्यक्ति वा संस्थाको सुरक्षा सुपरीवेक्षण (सेफ्टी ओभरसाइट) गर्ने वा उक्त कार्यका लागि निरीक्षक नियुक्त गरी आबश्यक अधिकार प्रदान गर्ने,

(झ) नेपालमा सञ्चालन हुने विदेशी वायु सेवाको उडान सुरक्षा सुपरीवेक्षण सम्बन्धी कार्य गर्ने वा गराउने,

(ञ) उडान सुरक्षामा प्रतिकूल प्रभाव पार्ने वा पार्न सक्ने कुनै अवस्थाको छानबिन गर्ने, सुरक्षाको लागि समितिमा सिफारिस गर्ने र तोकिए बमोजिम आवश्यक कारबाही गर्ने,

(ट) यस ऐन बमोजिम जारी गरिएका इजाजतपत्र, प्रमाणपत्र, अनुमतिपत्र वा मान्यता प्राप्त व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, आवश्यक शर्त (रिक्वायरमेण्ट्स), निर्देशिका (डाईरेक्टिभ्स), दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) तथा आदेशको उल्लङ्घन गरी उडान

सुरक्षामा प्रतिकूल असर पार्ने कार्य गरेको पाइएमा त्यस्ता व्यक्ति वा संस्थालाई यस ऐन बमोजिम प्राप्त कुनै वा सबै अधिकार प्रयोगमा रोक लगाउने,

(ठ) कुनै वायुयान, उपकरण, नागरिक उड्डयनसँग सम्बन्धित सेवा वा सुविधाको सञ्चालन उडान सुरक्षाको दृष्टिले उपयुक्त रहे वा नरहेको सम्बन्धमा निरीक्षण तथा जाँचबुझ गर्ने वा गराउने,

(ड) नेपाल सरकारले अर्को ब्यवस्था नगरेसम्म हवाई सुरक्षाको उपयुक्त अधिकारी (एप्रोप्रिएट अथोरिटी) को रुपमा काम गर्ने,

(ध) मन्त्रालयसँगको समन्वयमा नागरिक उड्डयनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाहरुसँग समन्वय गर्ने र पारस्परिक सहयोग आदानप्रदानको व्यवस्था मिलाउने,

(ण) नेपाल सरकार तथा अन्य निकायबीच सम्पर्क अधिकारीको रुपमा काम गर्ने,

(त) प्राधिकरणको कामकारबाही व्यवस्थित र प्रभावकारी रूपबाट सञ्चालन गर्ने वा गराउने,

(थ) कुनै वायुयान, उपकरण, नागरिक उड्डयनसँग सम्बन्धित सेवा वा सुविधाको सञ्चालन असुरक्षित तवरले भइरहेको वा हुन लागेको र सोबाट धनजनको क्षति पुग्न सक्ने पर्याप्त आधार देखिएमा त्यस्तो वायुयान, उपकरण, सेवा वा सुविधाको सञ्चालन रोक लगाई आवश्यक छानबिन गर्ने,

(द) समितिले तोकेका अन्य कार्य गर्ने।

३४. कर्मचारी सम्बन्धी व्यवस्था :(१) प्राधिकरणको काम सुचारू रूपले सञ्चालन गर्नका लागि प्राधिकरणमा आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन्।

(२) प्राधिकरणका कर्मचारीको नियुक्ति, सेवाका शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ।

३५. योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गर्ने: (१) यो ऐन प्रारम्भ भएपछि नियुक्ति हुने प्राधिकरणका कर्मचारीको हकमा निज सेवा निवृत्त हुँदा पाउने सेवा सुविधाको व्यवस्था गर्न प्राधिकरणले प्रचलित कानून बमोजिमको योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवृत्तभरण प्रणाली बमोजिम कर्मचारीले गर्नु पर्ने योगदान तथा प्राधिकरणले जम्मा गर्नु पर्ने रकम सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३६. विज्ञ नियुक्त गर्न सक्ने :प्राधिकरणले नियमनकारी कार्यका लागि आवश्यक परेमा स्वदेशी वा विदेशी विज्ञलाई सेवा करारमा नियुक्त गर्न सक्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि भन्नाले नागरिक "विज्ञ"उड्डयनसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी नागरिक उड्डयन क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरी विशेषज्ञता हासिल गरेको व्यक्ति सम्झनु पर्छ।

३७. कर्मचारी समायोजन सम्बन्धी व्यवस्था: (१) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन बमोजिम गठित नेपाल नागरिक २०५३ ,उड्डयन प्राधिकरणमा कार्यरत स्थायी कर्मचारी प्राधिकरणमा रहन चाहेमा त्यस्ता कर्मचारीले सो प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरेको मितिले साठी दिनभित्र प्राधिकरण मार्फत मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

)२बमोजिमको निवेदन (१) उपदफा ( पेश गरेका कर्मचारीको योग्यता, कार्यअनुभव र कार्यप्रकृतिका आधारमा मन्त्रालयले मापदण्ड बनाई प्राधिकरणको स्वीकृत दरबन्दीमा समायोजन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम समायोजन भएका कर्मचारीको अवकाश पश्चातको सुविधाको प्रयोजनको लागि यो ऐन प्रारम्भ हुनुअघि नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा कार्य गरेको सेवा अवधिलाई समेत गणना गरिनेछ।

(४) उपदफा (२) बमोजिम प्राधिकरणमा समायोजन भएका कर्मचारीले यो ऐन प्रारम्भ हुँदाका बखत निजले पाइरहेको पारिश्रमिक सेवाका शर्त नघट्ने गरी पारिश्रमिक तथा सुविधा पाउनेछन्।

(५) निजामती सेवाबाट नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा परिणत भई यस ऐन बमोजिम समायोजन भएका बीस वर्ष स्थायी सेवा अवधि पूरा गरेका कर्मचारी अवकाश हुँदा निजहरुले निवृत्तभरण वा उपदानमध्ये कुनै एक सुविधा रोज्न सक्नेछन्।

## परिच्छेद११-

## कोष तथा लेखा परीक्षण

३८. प्राधिकरणको कोषः (१) प्राधिकरणको आफ्नो एउटा कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :-

(क) दफा ३१ बमोजिमको शुल्कबापत प्राप्त रकम,

(ख) प्राधिकरणको स्वामित्वमा रहेको भवन, जग्गा, जमिन वा अन्य चल अचल सम्पत्तिको उपयोग गरेबापत प्राप्त रकम,

(ग) स्वदेशी सङ्घ, संस्था, व्यक्तिबाट ऋण वा अनुदान बापत प्राप्त रकम,

(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्थाबाट ऋण वा अनुदान बापत प्राप्त रकम,

(ङ) प्राधिकरणको कोषमा रहेको रकम लगानी गरेबापत प्राप्त रकम,

(च) दफा ४२ बमोजिम जरिवाना बापत प्राप्त रकम,

(छ) नेपाल सरकारबाट प्राप्त रकम,

(ज) यात्रुसेवा शुल्कमध्येबाट नेपाल सरकारको निर्णय अनुसार अनुपातको आधारमा उपलब्ध हुने रकम,

(झ) प्राधिकरणबाट आर्जित अन्य आय।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम कुनै विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट ऋण वा अनुदान बापत रकम प्राप्त गर्दा नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषबाट प्राधिकरणको सम्पूर्ण खर्च व्यहोरिनेछ।

(५) कोषमा जम्मा भएको रकम नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

३९. लेखा र लेखापरीक्षणः (१) प्राधिकरणले आफ्नो आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुसार राख्नु पर्नेछ।

(२) प्राधिकरणले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) प्राधिकरणको आन्तरिक लेखा परीक्षण प्रचलित कानून बमोजिमको दर्तावाला लेखा परीक्षकमध्ये सञ्चालक समितिबाट नियुक्त लेखा परीक्षकबाट गराउनु पर्नेछ।

(४) प्राधिकरणको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

परिच्छेद-१२

कसूर तथा सजाय

४०. कसूर: कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ-:

(क) दर्ता नभएको वायुयान नेपालमा उडान वा सञ्चालन गरेमा,

(ख) दर्ता गर्ने राष्ट्रबाट स्वीकृत राष्ट्रियता तथा दर्ता सङ्केतभन्दा फरक सङ्केत प्रयोग गरी नेपालमा वायुयान उडान वा सञ्चालन गरेमा,

(ग) अनधिकृत व्यक्तिले वायुयान उडान गरेमा,

(घ) प्रचलित कानून बमोजिम बीमा नगरी वायुयान उडान गरेमा,

(ङ) वायुयान, यात्रु, जमिनमा रहेको व्यक्ति वा सम्पत्तिको सुरक्षामा गम्भीर असर पुग्न सक्ने गरी वायुयान उडाएमा,

(च) कसैले वायुयान, यात्रु वा चालक दलका सदस्यलाई अवरोध वा खतरा पुग्ने कुनै किसिमको कार्य गरेमा।

(छ) उडान योग्यताको प्रमाणपत्र वा उडान अनुमतिपत्र नलिई वा त्यस्तो प्रमाणपत्र वा अनुमतिपत्रमा तोकिएको शर्त विपरीत हुने गरी वायुयान उडान वा सञ्चालन गरेमा,

(ज) प्राधिकरणले जारी गरेको वा मान्यता प्रदान गरेको इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्र आवश्यक पर्ने कुनै कामकारबाही त्यस्तो इजाजतपत्र, प्रमाणपत्र, अनुमतिपत्र नलिई वा मान्यता प्राप्त नगरी गरेमा,

(झ) झुट्टा इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्रको आधारमा सेवा सञ्चालन गरेमा,

(ञ) प्राधिकरणले तोकिको शर्त पालना नगरेमा वा शर्त विपरीत एयर नेभिगेशन सेवाको सञ्चालनसँग सम्बन्धित कार्य गरेमा,

(ट) प्रमाणपत्र बिना एयर नेभिगेशन सेवासँग सम्बन्धित कार्यमा संलग्न भएमा,

(ठ) प्राधिकरणको स्वीकृति नलिई वा निर्धारित सुरक्षा मापदण्ड तथा प्रक्रिया अवलम्वन नगरी खतराजनक वस्तु वायुयानबाट ओसारपसार गरेमा,

(ड) प्राधिकरणले निर्धारण गरे बमोजिमको मर्मत सम्भार नगरी वायुयान सञ्चालन गरेमा।

(ढ) एयर नेभिगेशन सेवामा बाधा अवरोध हुने गरी कुनै यन्त्र, उपकरण वा सञ्चार उपकरण सञ्चालन गरेमा,

(ण) स्वीकृत हवाई भाडा दरभन्दा बढी हवाई भाडा दर लिई उडान सञ्चालन गरेमा,

(त) प्राधिकरणले तोके बमोजिमका कागजात नराखी वायुयान उडान गरेमा,

(थ) कार्य समयको सीमा तोकिएकोमा सोको उल्लङ्घन हुने गरी वायुयान सञ्चालन गरेमा,

(द) प्राधिकरणले तोके बमोजिमको सुरक्षात्मक व्यवस्थापन प्रणाली अवलम्बन नगरेमा,

(ध) प्राधिकरणले माग गरेको जानकारी वा सूचना उपलब्ध नगराएमा,

(न) उड्डयन सम्बन्धी घटना वा दुर्घटनालाई सुपरीवेक्षण वा निरीक्षण गर्ने अधिकारको प्रयोगमा बाधा वा अवरोध गर्ने वा अनुचित प्रभाव पार्ने कार्य गरेमा,

(प) यो ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका, कार्यविधि वा मापदण्ड पालना नगरेमा।

४१. सजायः (१) कसैले दफा ४० बमोजिमको कसूर गरेमा निजलाई महानिर्देशकले देहाय बमोजिमको जरिवाना गर्नेछः-

(क) खण्ड (क) देखि (च) सम्मको कसूरमा पाँच लाख देखि पन्ध्र लाख रुपैयाँ सम्म,

(ख) खण्ड (छ) देखि (ड) सम्मको कसूरमा पाँच लाख रुपैयाँ देखि दश लाख रुपैयाँ सम्म,

(ग) खण्ड (ढ) देखि खण्ड (प) सम्मको कसूर गरेमा एक लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँ सम्म

(२) यस दफा बमोजिम महानिर्देशकले गरेको जरिवानामा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।

४२. नेपाल सरकार वादी हुनेः दफा ४० अन्तर्गतको कसूर सम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुनेछ।

परिच्छेद-१३

विविध

४३. ऐन लागू नहुनेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐनको व्यवस्था सैनिक वायुयान उडानको लागि तोकिएको विमानस्थल क्षेत्रको हकमा लागू हुने छैन।

४४. बीमा गर्नुपर्नेः कसैले पनि नेपालको हवाई क्षेत्रमा वायुयान उडाउनु अघि प्रचलित कानून बमोजिम वा प्राधिकरणले निर्धारण गरे बमोजिमको बीमा गर्नु पर्नेछ।

४५. अन्य संस्थामा आवद्ध हुन नहुने महानिर्देशक र कर्मचारी प्राधिकरणको ,सदस्य ,प्राधिकरणको अध्यक्ष : सेवाबाट जुनसुकै कारणले अलग भएकोमितिदेखि दुई वर्षसम्म प्राधिकरणले नियमन गर्ने सेवा प्रदायक संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आवद्ध हुन पाउने छैन।

४६. वार्षिक प्रतिवेदन :प्राधिकरणले आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र मन्त्रालयमा वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

४७. नेपाल सरकारसँग सम्पर्कः प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

४८. असूल गर्न सकिनेः (१) प्राधिकरणलाई बुझाउनु पर्ने दफा ३१ बमोजिमको शुल्क तोकिएको म्यादभित्र नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिबाट प्राधिकरणले तोकिए बमोजिम थप शुल्क असूल गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम शुल्क नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिबाट प्राधिकरणले त्यस्तो शुल्क सरकारी बाँकी सरह असूल गर्न सक्नेछ।

४९. भाग लिन वा हिस्सेदार हुन नपाउनेकर्मचारी तथा ,महानिर्देशक ,सदस्य ,प्राधिकरणको अध्यक्ष : विशेषज्ञले प्राधिकरणसँगको कुनै पनि कारोबार वा ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भाग लिन वा हिस्सेदार हुन पाउने छैन।

५०.  शपथः समितिको मनोनित सदस्यले पदमा बहाल गर्नुअघि अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

५१.  अधिकार प्रत्यायोजनःसमितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार (१) केही अधिकार समितिकोसदस्य महानिर्देशक वा ,प्राधिकरणको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

महानिर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये (२)न्यायिक अधिकार बाहेकका अधिकार प्राधिकरण अन्तर्गतका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५२.  निर्देशन दिन सक्ने :मन्त्रालयले यो ऐन कार्यान्वयन गर्ने सन्दर्भमा प्राधिकरणलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्राधिकरणको कर्तव्य हुनेछ।

५३.  प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः कसैले यस ऐन विपरीत गरेको कुनै कार्यबाट अन्य प्रचलित कानून बमोजिमसमेत कसूर हुने भएमा त्यस्तो कानून बमोजिम मुद्दा चलाउन बाधा पर्नेछैन।

५४.  सम्पत्ति तथा दायित्व सर्नेः यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वामित्वमा रहेका घरजग्गा र सम्पत्तिमध्ये प्राधिकरणलाई आवश्यक पर्ने भनी नेपाल सरकारले , तोकिदिएको चल तथा अचल सम्पत्ति प्राधिकरणमा सर्नेछ।

५५.  नियम बनाउने अधिकारः (१) यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) उपदफा  ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका (१) विषयमा नियमहरु बनाउन सकिनेछः-

(क) यस ऐन बमोजिम वायुयान, विमानस्थल, व्यक्तिगत वा संस्थाको नाममा जारी गरिने दर्ता प्रमाणपत्र, इजाजतपत्र, अनुमतिपत्र वा मान्यता र त्यस्तो दर्ता प्रमाणपत्र, इजाजतपत्र, अनुमतिपत्र वा मान्यताको नवीकरण, निलम्बन वा खारेज,

(ख) वायुयानको दर्ता वा वायुयान सञ्चालन प्रमाणपत्रको ढाँचा, संलग्न गर्नुपर्ने कागजात तथा राष्ट्रिय चिन्ह,

(ग) राष्ट्रिय उडान सुरक्षा कार्यक्रम तथा उडान सुरक्षा व्यवस्थापन,

(घ) आपसी समझदारीमा हुने नियमन,

(ङ) वायुयानको मर्मत, सम्भार तथा परीक्षण,

(च) अध्यक्ष तथा सदस्यको सेवाका शर्त र सुविधा,

(छ) समिति तथा प्राधिकरणको काम, कर्तब्य र अधिकार,

(ज) प्राधिकरणबाट प्रदान गरिने सेवाको शुल्क,

(झ) कोषको सञ्चालन,

(ञ) निरीक्षकको नियुक्ति,

(ट) महानिर्देशकको नियुक्ति, सुविधा तथा सेवाको शर्त ,

(ठ) ऐनको कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषय।

५६. विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही प्राधिकरणले देहायको विषयमा विनियमहरु बनाउन सक्नेछः-

(क) कर्मचारी प्रशासन तथा कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी,

(ख) खरिद, आर्थिक कार्यविधि र आर्थिक प्रशासन सम्बन्धी।

(२) उपदफा (१) बमोजिमको विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछन्।

तर, नेपाल सरकारलाई आर्थिक व्ययभार वा दायित्व पर्ने विषयमा विनियम बनाउँदा नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(३) यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमहरुको प्रतिकूल नहुने गरी प्राधिकरणले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्राधिकरणले निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार वा दायित्व पर्ने गरी बनाउनु हुँदैन।

(५) उपदफा (१) र (३) बमोजिमको विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्राधिकरणले सार्वजनिक गर्नु पर्नेछ।

५७. ऐन कार्यान्वयन मापनः यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच बर्षपछिको एक बर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ। सोको प्रतिवेदन सङ्घीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ।

५८. खारेजी र बचाउः (१) नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ खारेज गरिएको छ।

(२) नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम नियमनसँग सम्बन्धित विषयमा भए गरेका कामकारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची

(दफा ५० सँग सम्बन्धित)

<u>शपथ</u>

म .......... सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ ईश्वरको नाममा शपथ लिन्छु कि नेपाल नागरिक उड्डयन प्राधिकरणको सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी, अनुशासनमा रही नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०८१ तथा प्रचलित कानूनको अधीनमा रही इमान्दारीपूर्वक पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक कुनै अवस्थामा प्रकट गर्ने छैन ।

<u>शपथ ग्रहण गर्नेको</u>,-

नामः

दस्तखतः

मितिः

पदः

<u>शपथ ग्रहण गरेको प्रमाणित गर्नेको</u>,-

नामः

दस्तखतः

मितिः

पदः

कार्यालयः